# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ९९ | काठमाडौं | मंगलबार, १५ साउन २०८१ | Prabhab National Daily | Tuesday, July 30, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# टिआरसी विधेयक टुंगिने प्रक्रियामा

**द्वन्द्वकालीन घटनाका पीडित र पीडकपक्षबीच मेलमिलाप गर्दा पीडित पक्ष नमाने के गर्ने भन्नेमा सहमति जुट्न बाँकी**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रमुख तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच संक्रमणकालीन न्याय (टिआरसी) सम्बन्धी विधेयकमा अब एउटा मात्रै विषयमा सहमति जुट्न बाँकी छ । त्यो हो– द्वन्द्वकालीन घटनाका पीडित र पीडकपक्षबीच मेलमिलाप गर्दा पीडित पक्ष नमाने के गर्ने ? यसमा दलहरूबीच सहमति जुट्न बाँकी छ ।

एमालेका प्रमुख सचेतक महेश बर्तौलाले अब बिहीबारसम्ममा विवादित उक्त विषयमाथि पनि सहमति जुटाइसक्ने बताए । उनी पनि टिआरसीबारे गठित कार्यदलका सदस्य हुन् । यसअघि एमाले र माओवादीबीच द्वन्द्वकालीन गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघन मुद्दाको सजाय कति तोक्ने भन्नेबारे पनि सहमति जुटेको थिएन । एमाले प्रचलित कानुनले तोकेको सजायमा धेरै छुट दिन नमिल्ने अडानमा थियो भने माओवादी द्वन्द्वका क्रममा दोषी भए पनि सजाय थोरै हुनुपर्ने पक्षमा थियो । एमाले हालै आफ्नो अडानबाट पछि हट्यो । पीडकलाई २५ प्रतिशत सजाय तोक्न एमाले सहमत भएको छ ।

गम्भीर प्रकृतिको मानवअधिकार उल्लंघनको परिभाषामा पनि सहमति जुटेको छ । जसअनुसार 'निर्ममतापूर्वक वा स्वेच्छाचारी (आर्बिट्री) हत्या' राखिने भएको छ । विधेयकमा भने 'क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको' भन्ने उल्लेख छ ।



> मोटामोटी सहमति जुटिसक्यो । एउटा विषय छ । त्यो पनि टुंगिन्छ र यसपछि हामी यही १६ साउनमा बैठक बसेर सहमति भएको विषयमा भाषाबारे निर्णय गरी अघि बढ्छौं ।
>
> **महेश बर्तौला**
> **प्रमुख सचेतक, नेकपा एमाले**

बाल लडाकुको व्यवस्थापनमा पनि तीन दलबीच सहमति बनिसकेको छ । अब भएका सहमति नतोडिए बिहीबारसम्म टिआरसी टुंगो लगाउने सन्दर्भमा ऐतिहासिक सफलता मिल्ने कानुन, न्याय तथा मानवअधिकार समिति सभापति विमला सुवेदीले बताइन् ।

यसअघि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री भएका बेला २७ फागुन २०७९ मा टिआरसी विधेयक संसद्मा दर्ता भएको थियो । तर, विधेयकका केही बुँदामा एमालेको असहमति थियो । अन्ततः एमाले पूर्ववर्ती अडानबाट लचक हुँदा टिआरसी टुंगिनेतर्फ अघि बढेको हो ।

दलहरूबीच भएको आपसी समझदारीमा तलमाथि नभए १८ वर्षदेखि लम्बिँदै आएको नेपालको शान्ति प्रक्रिया औपचारिकरूपमा निष्कर्षमा पुग्ने छ । यसअघि नेपालको शान्ति प्रक्रियासँग सम्बन्धित तीन विषय सेना समायोजना, हतियार व्यवस्थापन र संविधान निर्माण सम्पन्न भइसकेको छ । यसले गर्दा अबको कार्यभार भनेकै विधेयकमा सहमति जुटाउनु हो । सहमति जुटाएर बिहीबार कार्यदलको बैठक बस्ने र सोही बैठकले भाषाबारे निर्णय गर्ने बर्तौलाले बताए ।

'मोटामोटी सहमति जुटिसक्यो । एउटा विषय छ । त्यो पनि टुंगिन्छ र यसपछि हामी यही १६ साउनमा बैठक बसेर सहमति भएको विषयमा भाषाबारे निर्णय गरी अघि बढ्छौं,' बर्तौलाले भने ।

नेपालमा १० वर्ष चलेको द्वन्द्वका क्रममा भएका घटनाका विषयमा छानबिन गरेर पीडितलाई न्याय दिलाउने प्रयास भएको १८ वर्ष बितिसकेको छ । तर, टिआरसीमा दलहरू अल्झिए । यहीबीच गत वर्षको १४ कात्तिकमा नेपाल भ्रमणमा आएका संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले पनि नेपालको संक्रमणकालीन न्यायलाई टुंगो लगाउन तत्कालीन प्रधानमन्त्रीदेखि प्रमुख प्रतिपक्षी दल (एमाले)का अध्यक्ष केपी शर्मा ओलीलाई सुझाव दिएका थिए ।

तर, त्यसबेला एमालेले चारवटा बुँदामा अडान राखेकोले हिउँदे अधिवेशनमा टिआरसी विधेयक संसद्मा पेस हुनै पाएको थिएन । त्यही चार बुँदेमा एमाले लचक हुँदै जाँदा टिआरसी टुंगोमा पुग्ने आशा जगाएको छ ।

# प्रस्तावित निर्वाचन आयुक्त प्रधान अस्वीकृत

## प्रश्न थेग्न नसकेपछि आफैंले गरे उम्मेदवारी फिर्ता

■ **जेबी योञ्जन**

**काठमाडौं–** छ वर्षअघि प्रधानन्यायाधीशमा दीपकराज जोशीलाई अस्वीकृत गरेको संसदीय सुनुवाइ समितिले निर्वाचन आयुक्तमा प्रस्तावित कृष्णमान प्रधानलाई पनि अस्वीकृत गरेको छ । दुवै जनाको सिफारिस गर्ने निकाय भने प्रधानमन्त्री अध्यक्ष रहने संवैधानिक परिषद् हो ।

परिषद्ले संवैधानिक अंगमा पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्दा उच्च नैतिक चरित्र, शैक्षिक योग्यतालगायत विभिन्न चार पक्षलाई आधार बनाउनुपर्छ । तर, आँखा चिम्लेर सिफारिस गर्दा प्रस्तावित नाम संसदीय सुनुवाइ समितिबाट अस्वीकृत हुने गरेको हो । सोमबार निर्वाचन आयुक्तमा समितिले अस्वीकृत गरेका प्रधान यौन शोषणकाण्डमा मुछिएका हुन् । उनले यौन शोषणकाण्डलाई सामसुम पार्न एक करोड २५ लाख पीडितलाई दिएको विवरण पनि सार्वजनिक भइसकेको छ ।

गत शुक्रबार बसेको सुनुवाइ समिति बैठकमा सांसदहरूले प्रधानलाई यौन शोषण प्रकरणलाई लिएर प्रश्नैप्रश्न गरेका थिए । प्रधानलाई निर्वाचन आयुक्तमा सिफारिस गर्ने तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल, तत्कालीन प्रमुख विपक्षी दल कांग्रेसका सभापति शेरबहादुर देउवा, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहाल र प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा रानाकोसमेत चर्को आलोचना भएको थियो । आलोचना थेग्न नसकेर अन्ततः कांग्रेस र एमालेले



- प्रस्तावित निर्वाचन आयुक्त कृष्णमान प्रधानको नाम संसदीय सुनुवाइ समितिबाट अस्वीकृत
- एक महिलालाई यौन शोषण गरेको उजुरीले प्रधानको निर्वाचन आयुक्त हुने चाहना चकनाचुर
- प्रधानको निवेदनको आधारमा समितिले गऱ्यो अस्वीकृत गर्ने निर्णय

सोमबारको सुनुवाइ समिति बैठकमार्फत अनुमोदन गर्न चाहेनन् । यही कारण प्रधानले निर्वाचन आयुक्तमा आफ्नो उम्मेदवारी फिर्ता लिए । यसलाई नै आधार मानेर प्रधानलाई अस्वीकृत गर्ने समितिले निर्णय गरेको समिति सदस्य तथा एमाले सांसद सुनिता बरालले जानकारी दिइन् ।

'समिति बैठक होस् वा बाहिर आफूबारे उठेको प्रश्न उहाँ (कृष्णमान)ले थाहा पाउनु नै भएको छ । त्यही भएर उहाँले म निर्वाचन आयुक्तमा रहने इच्छा नभएको आशयको निवेदन दिनुभयो र समितिले निवेदनलाई आधार मानेर अस्वीकृत गर्ने निर्णय गऱ्यो,' उनले प्रभावसँग भनिन् ।

प्रधानले समितिमा दिएको निवेदनमा केही समूहले आफूविरुद्ध अतिरञ्जित दुष्प्रचार गरेको आरोप लगाएका थिए । उनले समितिसमक्ष लेखेको निवेदनमा भनिएको छ, 'म केन्द्रित मौजुदा दुष्प्रचारको माझमा सिफारिस भएको पदमा रहेर काम गर्ने हौसला र इच्छा बाँकी नरहेकोले भविष्यमा राज्यले प्रदान गर्ने जुनसुकै जिम्मेवारीप्रति निष्ठावान रहने वचनबद्धतासहित सिफारिस भएको निर्वाचन आयोगको आयुक्त पदमा नियुक्तिका लागि मेरो उम्मेदवारी कायम राख्न नचाहेको ।'

उनले नेपाल कानुन समाजमा कार्यरत एक महिलालाई वर्षौंसम्म यौन शोषण गरेको भन्दै सुनुवाइ समितिमा उजुरी परेको थियो । सोही उजुरी र त्यहाँ समेटिएको यौन उत्पीडनको विषयले प्रधान उच्च नैतिक चरित्रयुक्त नभएको निष्कर्षमा समिति सदस्यहरू पुगेका थिए । समितिका दुईतिहाइ सदस्यबाट अनुमोदन नहुने स्थितिपछि प्रधानले निर्वाचन आयुक्त हुन नचाहेको भन्दै समितिमा निवेदन दिएका थिए । उनले आफूविरुद्धको यौन उत्पीडनसम्बन्धी उजुरीबारे अदालतबाट पीडित भनिएकी महिलासँग मिलापत्र भइसकेको प्रमाण संसदीय समितिमा पेस गर्दै आफू निर्दोष रहेको दाबी गरेका थिए ।

(क्रमशः पृष्ठ २ मा)

### संवैधानिक परिषद्को निर्णयमै प्रश्न

संसदीय समितिले प्रस्तावित निर्वाचन आयुक्त कृष्णमान प्रधानको नाम अस्वीकृत गर्नुपर्ने कारण उनको गलत आचरण र उच्च नैतिक चरित्रविहीनतालाई मानेन । प्रधानले दिएकै निवेदनलाई मात्रै आधार मानेर नाम अस्वीकृत गरेको हो ।

संसद्का महासचिव पद्मप्रसाद पाण्डेयले पत्रकारहरूसँग प्रधान आफैंले निर्वाचन आयुक्त पदमा जान अनिच्छुक भएको भन्दै निवेदन दिएका कारण अस्वीकृत गर्नुपरेको बताएका छन् । 'उहाँ आफैंले त्यो पदमा जान अनिच्छुक भएको भनी निवेदन दिनुभयो । यसपछि बाँकी विषयमा प्रवेश गर्नु परेन,' उनले भने, 'प्रस्तावित पदका लागि अनिच्छा देखाएपछि उहाँको योग्यता र गुण दोषमाथि छलफल नै गर्नुपर्ने अवस्था रहेन ।'

प्रधानको नाम अस्वीकृत हुँदा उनलाई निर्वाचन आयुक्तमा सिफारिस गरेका संवैधानिक परिषद्का कुनै पनि पदाधिकारीले कुनै प्रतिक्रिया जनाएका छैनन् । उनलाई गत २ असारमा परिषद्ले सिफारिस गरेको थियो । तर, उनी सोमबार संसदीय सुनुवाइ समितिबाट अस्वीकृत भएका हुन् । संवैधानिक निकायका पदाधिकारीहरूको सिफारिस गर्ने मुख्य जिम्मेवारी भएको संवैधानिक परिषद्को कामकारबाहीमाथि यसअघि पनि बारम्बार प्रश्न उठ्ने गरेको छ । राज्यका तीन अंगका प्रमुखसहितका पदाधिकारी रहने परिषद्को निर्णय पारदर्शी हुन नसकेको जस्ता विषय उठ्दै आएको छ ।

**सन्दर्भः वैदेशिक रोजगार**

# वैदेशिक रोजगार बचतपत्रमा देखिएन आकर्षण

## १३ वर्षको अवधिमा जारी भएका बचतपत्रमध्ये ४.९ प्रतिशतमात्र बिक्री

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले रोजगारीका लागि विदेश गएका नेपाली श्रमिकहरूलाई लक्षित गर्दै आह्वान गर्ने गरेको वैदेशिक रोजगार बचतपत्रमा खासै आकर्षण देखिएको छैन । नेपाल राष्ट्र बैंकले आन्तरिक ऋण परिचालन गर्ने औजारको रूपमा वर्षैपिच्छे निकाल्ने वैदेशिक रोजगार बचतपत्रमा विदेश गएका श्रमिक वा गैरआवासीय नेपालीले लगानी गर्न रुचि नदेखाएका कारण तोकिएबराबरको पाँच प्रतिशत पनि बिक्री हुन नसकेको पाइएको छ ।

राष्ट्र बैंकले सोमबार वैदेशिक रोजगार बचतपत्रको स्थिति र प्रवर्द्धनका उपायसम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै १३ वर्षको अवधिमा १५ अर्ब ५६ करोड रूपैयाँबराबरको वैदेशिक रोजगार बचतपत्र बिक्रीका लागि निष्कासन गरिएकोमा जम्मा ७६ करोड २३ लाख रूपैयाँको मात्रै बिक्री भएको बताएको छ । राष्ट्र बैंकले आर्थिक वर्ष २०६६/६७ देखि वैदेशिक रोजगार बचतपत्र बिक्री गर्न सुरु गरेको हो । आर्थिक वर्ष २०७९/८० सम्मको अवधिमा २५ पटकमा १५ अर्ब ५६ करोड रूपैयाँबराबरको वैदेशिक रोजगार बचतपत्र बिक्रीका लागि निष्कासन गरिए पनि मात्रै ४.९ प्रतिशत रकम बिक्री भएको तथ्यांक छ ।

बचतपत्रको परिचालन सुरुका वर्षहरूदेखि नै अपेक्षितरूपमा बिक्री हुन




नसकेको राष्ट्र बैंकले उल्लेख गरेको छ । पहिलो वर्ष एक अर्बको बचतपत्र आह्वान भएकोमा ४० लाख रूपैयाँ बिक्री भएको थियो भने दोस्रो वर्ष पाँच अर्ब रूपैयाँको निष्कासन आह्वान भएकोमा ३३ लाख रूपैयाँको मात्रै बिक्री भएको बताइएको छ । त्यसपछिका अधिकांश वर्षहरूमा बचतपत्रको आह्वान ५० करोड रूपैयाँभन्दा कम भएको देखिन्छ । यस अवधिमा निष्काशन भएका सबै वैदेशिक रोजगार बचतपत्र पाँच वर्ष अवधिका रहेका छन् ।

'आर्थिक वर्ष २०६६/६७ देखि २०७९/८० सम्म आह्वान रकमको ४.९ प्रतिशतमात्र बिक्री हुन सकेको छ,' प्रतिवेदनमा भनिएको छ । बचतपत्रको ब्याजदर निर्धारण गर्दा सोही वर्षको बैंक तथा वित्तीय संस्थाहरूले मुद्दति निक्षेपमा प्रदान गर्ने ब्याजदरको तुलनामा उच्च रहने गरेको राष्ट्र बैंकको भनाइ छ । यस अवधिमा वैदेशिक रोजगार बचतपत्रको ब्याजदर सोही वर्षको मुद्दति निक्षेपको तुलनामा ०.०१ प्रतिशतदेखि २.४२ प्रतिशतसम्म उच्च हुँदा पनि बचतपत्र खरिदमा आकर्षण नदेखिएको उल्लेख गरेको छ ।

वैदेशिक रोजगार बचतपत्र निष्कासनको सुरुको वर्षमा मुलुकमा दुई खर्ब ३१ अर्ब रुँैयाँ रेमिटचान्स भित्रिएकोमा पछिल्लो अवधिमा करिब छ गुणाले वृद्धि भएको छ । आर्थिक वर्ष २०७९/८० मा १२ खर्ब २० अर्ब रूपैयाँ रेमिटचान्स भित्रिएको छ । त्यसैगरी, वैदेशिक रोजगारीमा जानेको संख्या ३.२ गुणाले बढेर ५६.८३ लाख पुगेको छ । यसका वावजुद पनि वैदेशिक रोजगार बचतपत्रमा प्रभाव देखिन नसकेको राष्ट्र बैंकले निचोड निकालेको छ ।

राष्ट्र बैंकले बचतपत्रप्रति आकर्षण नहुनुमा स्थलगत सर्वेक्षण गरिएको पनि उल्लेख गरेको छ । सर्वेक्षणअनुसार ७० म्यानपावर कम्पनीका सञ्चालक वा प्रतिनिधिसँग टेलिफोन सम्पर्क गर्दा ७५.५ प्रतिशत म्यानपावर कम्पनीका प्रतिनिधिलाईसमेत वैदेशिक रोजगार बचतपत्रबारे जानकारी नभएको पाइएको छ । वैदेशिक रोजगारीमा जानेमध्ये ८७.२ प्रतिशतले यस्तो बचतपत्रबारे सोधखोज नै नगर्ने गरेको पाइएको उल्लेख छ ।

राष्ट्र बैंकले वैदेशिक रोजगारीमा जान लागेका र फर्किएका ३८५ नेपाली नागरिकसँग सम्पन्न स्थलगत सर्वेक्षणमा पनि ३९.५ प्रतिशतसँग यसबारे पर्याप्त जानकारी नभएको, २७ प्रतिशतले खरिद प्रक्रिया झण्झटिलो भएको, १२.५ प्रतिशतले बचतपत्र खरिद गर्ने रकमको अभाव रहेको उल्लेख गरेका थिए । त्यस्तै, बाँकी २१ प्रतिशतले प्रमाणपत्र सजिलै प्राप्त नहुने र ब्याज प्राप्त गर्न धाउनुपर्ने कारणले पनि यसप्रति रूचि नबढेको बताएको प्रतिवेदनमा उल्लेख छ ।

बचतपत्र बिक्री गर्न इजाजतपत्र प्राप्त १६ बिक्री एजेण्टहरूसँग पनि राष्ट्र बैंकले इमेल सर्वेक्षण गर्दा ६२.५ प्रतिशत रोजगारीमा रहेका नेपालीले वैदेशिक रोजगार बचतपत्रको बारेमा सोधखोज गर्ने गरे पनि खरिदमा तत्परता नदेखाउने गरेको जवाफ आएको बताएको छ ।

(क्रमशः पृष्ठ २ मा)




# बुधबारसम्म भारी वर्षाको सम्भावना

## रातिको समय सतर्क रहन आग्रह

**काठमाडौं (प्रस)–** आगामी बुधबारसम्म मुलुकका विभिन्न स्थानमा भारी वर्षा हुने र केही स्थानमा धेरै भारी वर्षासम्म हुने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। महाशाखाले तीन दिन विशेषगरी रातिको समयमा धेरै वर्षा हुने भएकाले बाढीपहिरोजस्ता मनसुनजन्य घटना बढ्नसक्नेतर्फ सतर्कता अपनाउन अनुरोधसमेत गरेको छ।

मौसमविद् सञ्जिव अधिकारीले हाल देशभर मनसुनी वायुको प्रभाव रहेको र मनसुनको न्यूनचापीय रेखा सरदर स्थानको आसपास रहेका विभिन्न स्थानमा भारीदेखि धेरै भारी वर्षा हुने सम्भावना रहेको जानकारी दिए। 'रातिको समयमा वर्षा हुने सम्भवना छ तर लगातारको वर्षाको सम्भावना भने छैन,' उनले भने, 'सोमबार राति पनि देशभर साधारणतया बदली रहने छ र सबै प्रदेशका केही स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ।'

कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा तथा बाँकी प्रदेशका एक-दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको मौसमविद् अधिकारीले बताए। महाशाखाकानुसार आज (मंगलबार) दिउँसो देशभर साधारणतया बदली रहने छ। सबै प्रदेशका केही स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले जानकारी दिएको छ।

आज राति भने देशभर साधारणतया बदली रहने छ। कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै तथा बाँकी प्रदेशका केही स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा तथा बाँकी प्रदेशको एक-दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको पनि सम्भावना रहेको महाशाखाले जनाएको छ।

यस्तै बुधबार देशभर साधारणतया बदली रहने छ। सो दिन दिउँसोको समयमा मधेस प्रदेशका थोरै स्थानमा तथा बाँकी प्रदेशका केही स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ। बुधबार राति देशभर साधारणतया बदली रहने र मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा तथा बाँकी प्रदेशका केही स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षा तथा कोशी, गण्डकी र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले उल्लेख गरेको छ।

# १५ जिल्लामा दुई लाख ७१ हजार गरिब परिवार सूचीकृत

**काठमाडौं–** सरकारले १५ जिल्लाका दुई लाख ७१ हजार ६४० गरिब परिवारको अन्तिम सूची स्वीकृत गरेको छ। यही साउन १० गते बसेको मन्त्रिपरिषद् बैठकले ओखलढुंगा, कञ्चनपुर, गुल्मी, दोलखा, धनुषा, नुवाकोट, पर्सा, बारा, बैतडी, मनाङ, मुस्ताङ, रूपन्देही, सप्तरी, सर्लाही र सिन्धुपाल्चोकका गरिब परिवारको सूची स्वीकृत गरेको हो।

बैठकले सरकारको नाममा दर्ता रहेको नवलपरासी (बर्दघाट सुस्तापश्चिम) को सरावल गाउँपालिका-५ मा तीन हजार ६८० वर्गमिटर जग्गा १५ शयचाको आधारभूत अस्पताल भवन निर्माणका लागि उपयोग गर्न स्वीकृति दिएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए।

सरकारले कपिलवस्तुको शुद्धोधन गाउँपालिकाअन्तर्गत बाँसखोर स्वास्थ्य चौकीको भवन निर्माणका लागि ०-१७-७ बिघा, लखरपाटा-खम्वागाडे-मुरमुरी-जामुन सुनकाँडा सडक निर्माणका लागि सुर्खेतको बराहताल गाउँपालिका र पञ्चपुरी नगरपालिकामा रहेको राष्ट्रिय वनको ९.३६ हेक्टर र नवलपरासी (बर्दघाट-सुस्तापूर्व)लाई प्रशासनिक भवन निर्माणका लागि विनयी त्रिवेणी गाउँकार्यपालिकाको प्रशासनिक भवन निर्माणका लागि सोही गाउँपालिका-२ मा रहेको छ रोपनी राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिएको छ।

मन्त्रिपरिषद्ले झापा, मोरङ, सुनसरी, सिरहा, सप्तरी, बारा, सर्लाही, नवलपुर, गोरखा, नवलपरासी, कपिलवस्तु, बाँके, बर्दिया र कैलालीका १९ स्थानमा विद्युतीकरण विस्तार तथा चुहावट न्यूनीकरण आयोजनाअन्तर्गत ३३/११ केभी सवस्टेसन निर्माणका लागि जग्गा प्राप्ति र तल्लो मोदी-नयाँ मोदी १३२ केभी प्रसारणलाइन आयोजनाअन्तर्गत पर्वतमा ०.९४७ हेक्टर जग्गा प्राप्ति गर्न स्वीकृति दिएको छ।

सरकारले विश्व बैंकबाट प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम-पहिलो चरणअन्तर्गत उपलब्ध हुने करिब १३ अर्ब ३३ करोड रूपैयाँबराबरको सहुलियतपूर्ण ऋण स्वीकार गरेको छ। बैठकले नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८१ स्वीकृत गरेको छ। यस्तै नेपाल वन सेवा, जनरल फरेस्ट्री समूहको राजपत्रांकित द्वितीय श्रेणीका एक कर्मचारीलाई प्रथम श्रेणीका सहसचिव (प्रा) पदमा बढुवा नियुक्ति गरेको छ। *रासस*

पृष्ठ १ बाट क्रमशः

## प्रस्तावित निर्वाचन...

'अदालतबाट विवाद निरूपण भइसकेपछि अदालती प्रक्रियाबाट पुनरावलोकन गरेको भए राम्रो हुन्थ्यो। कानुनी प्रक्रियाभन्दा बाहिरबाट त्यसलाई फेरि खोल्न थाल्यौं भने त्यसको समाधान कहिले हुने ?,' उनले आक्रोशित हुँदै प्रश्न गरेका थिए।

समितिमा प्रधानविरुद्ध उजुरी परेपछि समितिले पीडित भनिएकी महिलासहितका अन्य उजुरीकर्ताहरूसँग छलफल गरेको थियो। ती महिलाले निर्वाचन आयुक्तमा सिफारिस भएका प्रधान 'उच्च नैतिक चरित्रको नभएको' जिकिर उजुरीमा गरेकी थिइन्।

अनेक आरोप लागे पनि प्रधानले भने संसदीय समितिमा पेस गरेको आफ्नो व्यक्तिगत जानकारीमा आफू नागरिक समाजको सक्रिय सदस्य भएको उल्लेख गरेका छन्। उनले आफू गैरनाफामूलक संस्था नेपाल कानुन समाजको कार्यकारी निर्देशकका रूपमा ३३ वर्ष काम गरेको र २०४८ सालयताका सबै निर्वाचनमा पर्यवेक्षकको काम गरेको अनुभव संसदीय समितिमा पेस गरेका थिए।

उनले नेपालबाहेक श्रीलंका र बंगलादेशको निर्वाचनमा पनि पर्यवेक्षकको काम गरेको र नेपालमा लोकतन्त्र र मानवअधिकारका क्षेत्रमा बहस पैरवीमा संलग्न भएको अनुभव सुनुवाइका क्रममा सांसदहरूसमक्ष पेस गरेका थिए। स्थानीय सरकार र लोकतन्त्र विषयमा आफूले त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि गरिरहेको उल्लेख गरेका छन्।

यसबाहेक उजुरीकर्ता महिलासँग यौन शोषणसम्बन्धी मुद्दाको निरूपण गत वर्षको २९ भदौमा काठमाडौं जिल्ला अदालतमा टुंगो लगाएको दाबी गरेका थिए। यति हुँदाहुँदै संसदीय सुनुवाइ समितिमा यौन शोषणको उजुरी परेका कारण निर्वाचन आयुक्त हुने प्रधानको चाहना अधुरै रह्यो। उनी कांग्रेसबाट गृहमन्त्री भएका रमेश लेखकनिकट मानिन्छन्। उनकै जोडबलमा प्रधान निर्वाचन आयुक्तमा संवैधानिक परिषद् समितिबाट सिफारिसमा परेका थिए।

तर, गम्भीर प्रकृतिको नैतिक पतन मान्न मिल्ने यौन शोषणको प्रकरण मुछिँदा चौतर्फी दबाबबीच निवेदन दिएर उम्मेदवारी नहुने भनिएपछि समितिबाट अस्वीकृत भएका हुन्। समितिमा सत्तारूढ कांग्रेस, एमाले र जसपा नेपालको दुईतिहाइ बहुमत छ। प्रतिपक्षका सभापति पशुपति शमशेर जबरासहित चार जना सांसद समितिमा छन्।

संसदीय सुनुवाइ समितिले नियुक्तिका लागि भएका सिफारिस अस्वीकृत गरेका उदाहरण निकै दुर्लभ छन्। छ वर्षअघि प्रधानन्यायाधीशमा प्रस्तावित दीपकराज जोशीको सिफारिस अस्वीकृत गरेको थियो। उनले समितिमा पेस गरेको कार्ययोजना र शैक्षिक योग्यतामा देखिएको विवादले प्रधानन्यायाधीश बन्ने अवसर गुमाएका थिए।

## वैदेशिक रोजगार...

सर्वेक्षणपश्चात् सरोकारवालाहरूसँगको छलफलबाट बचतपत्रको बिक्री बढाउन फेसबुकलगायतका सामाजिक सञ्जालमार्फत छोटो भिडियो क्लिपबाट प्रचारप्रसारमा तीव्रता दिनुपर्ने, बचतपत्रको खरिद-बिक्री पूर्णरूपमा विद्युतीय माध्यमबाट गराउने र बचतपत्र खरिदको आवेदन दिँदा कागजात सजिलोसँग अपलोड हुने व्यवस्था मिलाउने सुझाव प्राप्त भएको प्रतिवेदनमा जनाइएको छ।

त्यस्तै, वैदेशिक रोजगार बचतपत्र बिक्री गर्ने व्यवस्था सिडिएससी प्रणालीको मेरो सेयरमा आइपिओ खरिद गर्दाकै प्रक्रियाअनुरूप बनाउने र म्यानपावर कम्पनीहरूको अभिमुखीकरण कार्यक्रममा वैदेशिक रोजगार बचतपत्रको जानकारी दिने व्यवस्था मिलाउनेलगायतका सुझाव आएको बताइएको छ।

### मोटरसाइकल हराएको सूचना

मिति २०८१।०४।१२ गते अन्दाजी १:०० बजेको समयमा कालो, रातो रङ्को 220 CC पल्सर मोटरसाइकल पार्किङ गरिराखेको अवस्थामा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरीदीनु हुन बिनम्र अनुरोध गर्दछु।

कम्पनीको नाम : हुलास अटो प्रा.लि.
ऋणीको नाम : दिनेश तामाङ
बाइक नं.: बा.प्र. ०३-०४० प १८०८
च्यासिस नं.: MD2A13EX9MCJ-98262
इन्जिन नं. : DKXCMJ-31879
ठेगाना: शिवपुरी गा.पा -०७, नुवाकोट
सम्पर्क: ९८५१११५८८०

### माइग्रेसन हराएको सूचना

मिति: २०७३/०८/०३ गते नारायणथानबाट जमलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परीक्षा बोर्ड सानोठिमी भक्तपुरबाट जारी भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

नाम : रन्जित पोखरेल
रजिस्ट्रेसन.नं.: ७०२७०३६७८
ठेगाना.: नारायणथान ३, नयाँचोक
सम्पर्क: ९८६०३२४७२४

## Amadablam Mini Hydro Limited

Nilopul, Kapan, Kathmandu, Nepal
Phone: **9852842344**, Email: **amadablamhydro@gmail.com**

### Re-Invitation for Electronic Bids

Contract Identification Number: AMHL/NCB/W/2080/81-01
First Date of Notice Publication: **20 June 2024**
Date of Re-Notice Publication: **30 July 2024**

1. **Amadablam Mini Hydro Limited (AMHL)** has received a subsidy from the **Alternative Energy Promotion Centre (AEPC),** towards the cost of the **Amadablam Mini Hydro Project (911kW)** and intends to apply the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible Bidders as per Section V of the Bidding Document.
2. The **AMHL Re-Invites Electronic Bids** from eligible bidders for the **Works "Construction of Civil Components of Amadablam Mini Hydro Project (911 kW) at Khumbu Pasanglhamu Rural Municipality, Ward No 4, Solukhumbu"** under **National Competitive Bidding** (NCB) – Single Stage Two Envelope (1S2E) Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NRs. 114 Million.**
   - Minimum Work experience of similar size and nature: Completed at least One (1) Contract within the last ten (10) years that has been successfully or substantially completed and that is similar to the proposed works: **NRs. 68 Million.**
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate Bids, one containing (i) the Technical Bid and the other (ii) the Price Bid as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Amadablam Mini Hydro Limited, Nilopul, Kapan, Kathmandu** or may visit e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.**
5. A complete set of Bidding Document for the task in English is available online and may be downloaded for e-submission from the e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.** Bidder, submitting their bid electronically, should deposit the cost of the Bidding Document (non-refundable fee) of **NRs. 10,000.00** to the **AMHL's Current Account Number: 55506334597, Siddhartha Bank Limited, Hattisar, Kathmandu Branch** and a scanned copy in PDF format of the voucher/receipt of the deposited amount must be submitted/uploaded along with the Electronic Bid.
6. Pre-bid meetings shall be held at **AMHL, Nilopul, Kapan, Kathmandu, Nepal** at **11:00 A.M. on 4 August 2024**.
7. Interested eligible and qualified Bidders are required to submit the Electronic Bids through e-GP system of PPMO: **www.bolpatra.gov.np/egp** on or before **1:00 P.M. on 14 August 2024.**
8. Submitted Technical Electronic Bids will be opened in the presence of Bidder's representatives who choose to attend at **1:15 P.M. on 14 August 2024** at the office of **AMHL, Nilopul, Kapan, Kathmandu, Nepal.**
9. Bids must be valid for a period of **120 Days** counting from the date of technical bid opening and must be accompanied by a scanned copy of the bid security in PDF format, amounting to a minimum of **NRs. 2,800,000.00** which shall be valid for a minimum of 30 days beyond the bid validity period **(i.e., Valid up to a minimum of 10 January 2025).**
10. If the Bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in **AMHL's Current Account Number: 55506334597, Siddhartha Bank Limited, Hattisar, Kathmandu** Branch and a scanned copy in PDF format of the voucher/receipt of the deposited amount must be submitted/uploaded along with the Electronic Bid.
11. All the Bids submitted for the task, as per notice published in the Nagarik National Daily on 20 June 2024, have been cancelled.
12. Other details are provided in the uploaded Bidding Documents available on the e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.**

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहाएको मालवस्तुको अधिकतम खुद्रा बिक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| No. | Item | DESCRIPTION OF GOODS | Country of origin | Unit | MRP in NPR |
|---|---|---|---|---|---|
| 1 | Monitor | Koorui 34E6UC Monitor | China | PCS | 62,500.00 |
| 2 | Monitor | Koorui 24E3, Monitor | China | PCS | 32,500.00 |
| 3 | Monitor | Koorui 27E6CA Monitor | China | PCS | 34,500.00 |
| 4 | Monitor | Koorui GN06 Monitor | China | PCS | 35,500.00 |
| 5 | Monitor | Koorui GN02 Monitor | China | PCS | 36,500.00 |
| 6 | Monitor Arm | Koorui KR10 Monitor Arm | China | PCS | 8,500.00 |
| 7 | Monitor | Koorui 27N1A Monitor | China | PCS | 29,500.00 |
| 8 | Monitor | Koorui S01 Monitor | China | PCS | 24,500.00 |
| 9 | Monitor | Koorui 24N1 Monitor | China | PCS | 24,500.00 |
| 10 | Monitor | Koorui P02 Monitor | China | PCS | 25,500.00 |
| 11 | Monitor | Koouri N07 Monitor | China | PCS | 55,000.00 |
| 12 | Keyboard Mouse | Koouri BK0104 Black Keyboard, Mouse Combo | China | PCS | 3,000.00 |

Importer: **IBASE TECHNOLOGIES** Phone : 01-4421983
Address : Computer Bazar, Putalisadak, Kathmandu Vat no: 600752518

## नागरिक बहुउद्देश्यीय सहकारी संस्था लि. को नाममा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने १५ दिने अत्यन्त जरूरी सूचना

**प्रथम पटक प्रकाशित २०८१/४/१५ गते**

यस संस्थाको नाममा रहेको भक्तपुर जिल्ला गुण्डु गा.वि.स. वडा नं. ३/क को कि.नं १०२६ को क्षेत्रफल ०-३-०-० (हाल सू.न.पा ७) रहेको जग्गा लिलाम बढाबढ गरी बिक्री गर्नु पर्ने भएकोले उक्त अचल सम्पत्ति सकार गरी लिन इच्छुक महानुभावहरुले तपशिलको शर्त बन्देजको अधिनमा रही डांक बढाबढमा भाग लिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**लिलामका शर्तहरु**

१. लिलाम सकार गरी लिन चाहने पक्षले वोलकवोल गरेको कुल खर्चको १०% का दरले हुने रकम नगदै यसै संस्थामा बुझाउनु पर्नेछ।
२. लिलाम सकार गरी लिन चाहने पक्षले लिलाम सकारेको मितिले ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ, नबुझाएमा अग्रिम भुक्तानीको रकम जफत गरिनेछ।
३. डाँक बढाबढ मिति २०८१/०४/२७ गते दिनको ५:०० बजे यसै कार्यालयमा गरिनेछ। कुनै कारणले डाँक बढाबढ हुने दिन विदा परेमा सोको भोलिपल्ट हुनेछ।
४. डाँक बढाबढ स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम विक्री सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा नै सुरक्षित रहनेछ।
५. अन्य केही बुझ्नु परेमा यस संस्थाको कार्यालय सू.न.पा. ८ भक्तपुरमा सम्पर्क गर्नुहोला।

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **IDEAL CLEANLINESS CO.**

पूर्व स्वीकृति मिति २०८०/१२/१२ पुन विज्ञापन स्वीकृति मिति २०८१/04/१४ LT. No. 302278 चलानी नं.६०२१७२६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 20 | 900 | ३२,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २२ गते (6th Aug 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SAT ENGINEERING & CONTRACTING SERVICES**

पूर्व स्वीकृति मिति: २०८०/१०/१६ पुन विज्ञापन स्वीकृति मिति २०८१/04/१४ LT. No.299123 चलानी नं. ६०२१४०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 10 | 0 | 1500 | ५४,२५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician | 80 | 0 | 1200 | ४३,४०५ | | | | | | | |
| 3 | Labour/helper | 80 | 0 | 1000 | ३६,१७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: जनकपुरमा मिति: २०८१ साउन २० देखि २२ गते (4-6 Aug 2024) सम्म हुनेछ।
यसै कम्पनीको लागि: Mason, Carpenter, Still fixture, Painter, Blaster, Scaffolder र Foreman को पनि माग भइ आएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला।
मनु गौतम: ९८०३५३६०४६

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TOP QUALITY CARPENTRY & FLOORING CONTRACTING LLC**

पुर्व स्वीकृति मिति २०८१/०२/०४ पुन : विज्ञापन स्वीकृति मिति २०८१/04/१४ LT. No. 305005 चलानी नं. ६०२०३९०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING LABOUR | 2 | 0 | 900 | ३२,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | CARPENTER | 3 | 0 | 1200 | ४३,७३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान र मिति:**
राम जानकी ट्रेनिङ सेन्ट्रर, जनकपुरधाम, धनुषामा २०८१ साउन १७ गते (1st Aug. 2024) समय १०:३० AM
राम जानकी ट्रेनिङ सेन्ट्रर, जनकपुरधाम, धनुषामा २०८१ साउन १८ गते (2nd Aug. 2024) समय १०:०० AM
बुटवल मल्टिपल ट्रेनिङ सेन्ट्रर जानकीनगर, रूपन्देहीमा साउन १९ गते (3rd Aug. 2024) समय १०:३० AM
र बुटवल मल्टिपल ट्रेनिङ सेन्ट्रर जानकीनगर, रूपन्देहीमा २० गते (4th Aug. 2024) हुनेछ। समय ११:०० AM

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**SAAD OVERSEAS PVT.LTD.**
श्रम इजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com

# बाघको संख्या बढेसँगै संरक्षणमा चुनौती



■ नारायण अधिकारी

**चितवन–** नेपालमा बाघको संख्या बढेसँगै संरक्षणमा नयाँ चुनौती थपिएका छन् । लक्ष्य लिएभन्दा बढी संख्यामा बाघ बढेपछि बासस्थान र आहारा व्यवस्थापन चुनौती बनेको हो । यससँगै मानवसँगको द्वन्द्व पनि बढ्दै गएको चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले जनाएको छ ।

सन् २०२२ मा गरिएको राष्ट्रिय बाघ सर्वेक्षणअनुसार नेपालमा वयस्क बाघको संख्या ३५५ पुगेको छ । तीमध्ये चितवन राष्ट्रिय निकुञ्जमा मात्रै यो संख्या १२८ रहेको राष्ट्रिय निकुञ्जका सूचना अधिकारी एवं सहायक संरक्षण अधिकृत गणेशप्रसाद तिवारीले जानकारी दिए । पाटेबाघ विश्वका १३ देशमा पाइन्छ । विश्वमा बाघ पाइने १३ मुलुकका सरकार तथा राष्ट्रप्रमुखको सन् २०१० मा रसियाको सेन्टपिटर्सवर्गमा भएको सम्मेलनले बाघको संख्यालाई सन् २०२२ सम्ममा दोब्बर बनाउने प्रतिबद्धता गरेको थियो ।

तत्कालीन समयमा नेपालमा १२१ बाघ थिए । सन् २०२२ मा आइपुग्दा यो संख्या २४२ पुऱ्याउने लक्ष्य लिइएकामा लक्ष्यअनुसारको संख्या बढेर ३५५ पुगेको छ । यो देशकै लागि सफलता मानिए पनि यसपछिका चुनौतीहरू भने थपिएका छन् ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी तिवारीले गत आर्थिक वर्षमा निकुञ्जमा आठवटा बाघ मरेका जानकारी दिए । बाघ मरेको कम थाहा हुने भन्दै उनले निकुञ्ज सुरक्षाको क्रममा बढी गस्ती गरिएकाले बाघ धेरै मरेका हुनसक्ने बताए । बासस्थानका लागिसमेत बाघहरू एकआपसमा लडेर मृत्यु हुने गरेको तिवारीको भनाइ छ । 'यो अवधिमा चारजनाको बाघको आक्रमणबाट मृत्यु भएको छ । निकुञ्जभित्र र बाहिर यस्ता घटना हुने गरेका छन् । एक जनाको निकुञ्जभित्रको कोर क्षेत्रमा र अन्यको मध्यवर्ती वन क्षेत्रमा बाघको आक्रमणबाट मृत्यु भएको हो,' उनले भने । सूचना अधिकारी तिवारीले केही वर्ष अघि गरिएको अध्ययनले चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा १७५ बाघका लागि बासस्थान पुग्ने देखाएको थियो । बासस्थान व्यवस्थापनमा सुधार गरेमा अरू थप बाघ रहनसक्ने देखिएको उनको भनाइ छ । चितवन र पर्सा राष्ट्रिय निकुञ्ज एकआपसमा जोडिएका छन् ।

बाघको आहार प्रजाति पर्याप्त नहुँदा शिकारका लागि बाघ बाहिर बस्तीमा प्रवेश गर्ने र घटना हुने गरेको छ । निकुञ्जभित्र र आसपासका क्षेत्रमा बाघ हिंस्रक बनेसँगै नियन्त्रणमा लिएर राख्ने गरिएको छ । निकुञ्जको मुख्यालय कसरा र भरतपुरको देवनगरमा पाँचवटा बाघ खोरमा राखिएको छ । कसरामा तीनवटा छन् भने देवनगरमा दुईवटा छन् ।

सौराहामा खोर मर्मत हुँदै गरेकाले अहिले बाघ नराखिएको निकुञ्जका सूचना अधिकारी तिवारीले बताए । नियन्त्रणमा लिएर राखिएका बाघको हेरचाहका लागिसमेत कठिनाइ हुने गरेको उनको भनाइ छ ।

चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुंगानाले बाघको संख्या बढेसँगै चुनौती पनि थपिएको बताए । बासस्थानको व्यवस्थापन गर्न नसक्दा मानव बस्तीमा बाघ प्रवेश गरेर द्वन्द्व बढाएको उनले उल्लेख गरे । सरकारले बासस्थान व्यवस्थापनमा पर्याप्त बजेट विनियोजन गरेर निकुञ्जभित्र आहारको व्यवस्था गर्नुपर्नेमा उनले जोड दिए ।

अध्यक्ष ढुंगानाले बाघको आहारा प्रजाति मानव बस्तीमा आएर बालीनाली खाइदिने र उनीहरूको सिकारका लागि बाघ पनि मानव बस्तीमा आउने गरेको बताए । मध्यवर्ती क्षेत्रमा निकुञ्जमा उठेको राजस्वको ३० देखि ५० प्रतिशत विनियोजन गरेर मेसजाली, कम्पाउन्ड वाल, मध्यवर्तीमा भौतिक पूर्वाधार र संरक्षण शिक्षाका कार्यक्रम गर्दै आएकामा पछिल्ला वर्षहरूमा बजेट न्यून आएसँगै थप समस्या भएको उनले जानकारी दिए । संकलन भएको राजस्वको २० प्रतिशतभन्दा तल मध्यवर्तीमा बजेट आएको भन्दै उनले यसले थप द्वन्द्व बढाउने अवस्था सिर्जना गरेको बताए ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. सिन्धुप्रसाद ढुंगानाले बाघको संख्या बढेसँगै आहारा प्रजाति बढाउनुपर्नेमा जोड दिए । निकुञ्जभित्र बासस्थानको व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण भइरहेको उनले जानकारी दिए । बाघले आफ्नै क्षेत्र निर्धारण गरेर बस्ने भन्दै महानिर्देशक डा. ढुंगानाले संख्या थपिएसँगै सेञ्चुरी निर्माण गरेर यसको संरक्षण गर्नुपर्ने अवस्था आएको बताए । विचरण गर्न सक्ने ठूलो खुल्ला खोर (सेञ्चुरी) निर्माण गर्ने योजनामा विभाग रहेको उनले जानकारी दिए ।

कतिपय देशहरूमा बाघ उपहार दिएर 'बाघ कूटनीति' अपनाउने विषयमा पनि छलफल भइरहेको महानिर्देशक ढुंगानाले बताए । यसबाट अन्य देशहरूमा मित्रता बढाउन सहयोग पुग्ने उनको भनाइ छ । बाघलाई मानव बस्तीमा आउन नदिनेगरी भित्रै व्यवस्थापन गर्ने विषयमा विभागको ध्यान गएको महानिर्देशक ढुंगानाले बताए । उनले भने, 'आहारा प्रजाति बढाउन आवश्यक घाँसेमैदान, पानीपोखरी र सिमसार क्षेत्र सुधार कार्यक्रम अगाडि बढाउने योजनामा छौं ।' *रासस*

## बर्दियामा पाटेबाघको संख्या १२५ पुग्यो

**गुलरिया (बर्दिया)–** बर्दिया राष्ट्रिय निकुञ्जमा पाटेबाघको संख्या १२५ को हाराहारीमा पुगेको छ । यो निकुञ्ज पाटेबाघका लागि दोस्रो ठूलो बासस्थान मानिन्छ । चितवन राष्ट्रिय निकुञ्जमा १२८ पाटेबाघ रहेको बताइएको छ ।

जैविक विविधता संरक्षणमा समुदायसँगको सहकार्यमा सफलता पाएसँगै सन् २०१० मा १८ पाटेबाघ रहेको बर्दियामा सन् २०२२ सम्म तीन गुणा बढेको निकुञ्जका संरक्षण अधिकृत पुरुषोत्तम वाग्लेले जानकारी दिए । उनका अनुसार बर्दिया राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा विगत दुई वर्षदेखि बाघ आक्रमणको घटना भने न्यून छ ।

'अबचाहिँ बाघ संरक्षणका लागि कदम चाल्ने समय आयो' भन्ने नारासहित सोमबार बाघ दिवस विविध कार्यक्रम आयोजना गरी मनाइएको छ । अधिकृत वाग्लेले बाघलगायत वन्यजन्तु वृद्धिसँगै यिनीहरूको बासस्थान व्यवस्थापन, समुदायमा सचेतना, मानव-वन्यजन्तुबीच द्वन्द्व रोक्न विद्युतीय तारबार, कंक्रिट पर्खाललगायत पूर्वाधारसँगसँगै व्यवस्थापनमा जोड दिइराखेको बताए । वनजंगलको संरक्षण भएपछि बर्दियामा उल्लेख्य मात्रामा बाघको संख्या बढेसँगै खाता जैविकमार्ग एवं वन क्षेत्रमा बाघको विचरण पनि बढेको छ ।

गत वर्ष वनक्षेत्रमा बाघ र चितुवाको आक्रमणमा परी पाँचजनाको मृत्यु भएको डिभिजन वन कार्यालय बर्दियाका वरिष्ठ अधिकृत टंक गुरुङले बताए । बाघबाट वनक्षेत्रमा मानवीय क्षतिको परिमाण बढ्दै गएको छ । उनले भने, 'मानवीय व्यवहार परिवर्तन गर्न नसके घटना अझै बढ्न सक्छ । वन्यजन्तु भएका क्षेत्रमा मानवीय गतिविधि रोक्न वन कार्यालयले विभिन्न क्याम्प गर्दै आएकाले चालु वर्षमा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न विभिन्न तयारी गरेको छ ।' *रासस*

## त्रिशूलीमा हराएको भारतीय टोलीको चुम्बक भेटियो

**चितवन (प्रस)–** सिमलताल दुर्घटनामा बेपत्ता बसको खोजी गर्ने क्रममा हराएको भारतीय टोलीको चुम्बक (म्याग्नेट) फेला परेको छ । बस खोजी गर्ने क्रममा गत शनिबार १९ किलोको चुम्बक र लाइफ ब्वाइ टयुब त्रिशूली नदीले बगाएर हराएको थियो ।

उक्त चुम्बक सोमबार बिहान काभ्रेघाटस्थित नारायणी नदीमा फेला परेको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए । चुम्बकसँगै लाइफ ब्वाइ टयुब पनि फेला परेको उनले बताए ।

गत असार २८ गते वीरगञ्जबाट काठमाडौंतर्फ आउँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एञ्जल डिलक्स र काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-२४९५ ख ००१ नम्बरको गणपति डिलक्स बस चितवनको सिमलतालमा पहिरोसँगै त्रिशूली नदीमा बेपत्ता भएको थियो ।

बसमा सवार ६५ जनामध्ये तीनजना हामफालेर बाँच्न सफल भएका थिए भने ६२ जना बेपत्ता भएका थिए । हालसम्म २४ जनाको शव भेटिएको छ । तीमध्ये १८ जनाको पहिचान खुलेर परिवारलाई बुझाइसकिएको छ । अन्य छ शवको पहिचान खुल्न सकेको छैन । अझै ३८ यात्रु र बस भेटिएका छैनन् ।

हराइरहेको बस खोज्न भारतीय टोली चितवन आएको थियो । उक्त टोलीले बस खोज्नका लागि १९ र १४ किलोका दुईवटा चुम्बक (म्याग्नेट) ल्याएको थियो । जसमध्ये शनिबार बस खोज्ने क्रममा १९ किलोको चुम्बक हराएको थियो । बस खोजी गर्नका लागि नेपाल आएको भारतीय टोली आइतबार नै फर्किसकेको छ ।


### बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TBSGCC W.L.L

पूर्व स्वीकृति मिति २०८१/04/१३ | LT. No. 308076 | चलानी नं. ६०२२२८०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 0 | 110 | ३९,०६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason | 10 | 0 | 140 | ४९,७२० | | | | | | | |
| 3 | Technician | 5 | 0 | 150 | ५३,२७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २२ गते (6th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**
Govt. License 387/059/060
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADAA LAUNDRY COMPANY LIMITED IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०८१/04/११ | LT. No. 307958 | चलानी नं. ६०२२२४६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laundry Worker | 4 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २२ गते (6th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: १०,०००



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Pigeon International Overseas Pvt. Ltd**
श्रम इजाजत नं. ३८४/०५९/०६०
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np

### साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH SAEED AL HUNAIDI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/04/१३ | LT. No. 308080 | चलानी नं. : ६०२२२८०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 20 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SAAD ABDULLAH AL SHAHRANI CONTRACTING COMPANY.

पूर्व स्वीकृति मिति : २०८१/04/१३ | LT. No. 308079 | चलानी नं. : ६०२२२८०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 1 | 0 | 1800 | ६४,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: १०,०००

कम्पनी : AL WALEED FOR SERVICES & TRADING

पूर्व स्वीकृति मिति : २०८१/04/११ | LT. No. 308057 | चलानी नं. : ६०२२२७६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labour | 5 | 0 | 1300 | ४७,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २२ गते (6th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: नि:शुल्क



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Max Employment Center Pvt. Ltd.**
श्रम ईजाजत नं. १५३१/०७८/०७९
Bijay Chowk-9 Kathmandu , Nepal, Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com

### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी :AL ARZ AUTOMATIC BAKERY

पुर्व स्वीकृति मिति २०८०/०९/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/१४ | LT. No.297368 | चलानी नं. ६०२१२४१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dough Kneader.. | 5 | 0 | 1400 | ५१,२७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Clean Worker | 5 | 0 | 1000 | ३६,६२५ | | | | | | | |
| 3 | Pastries Maker | 5 | 0 | 1400 | ५१,२७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २२ गते (6th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: १०,०००



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Lucky Human Resource Pvt.Ltd.**
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np


### दावी विरोध सम्बन्धी
### वैदेशिक रोजगार विभाग काठमाडौंको
### सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजतपत्र प्राप्त संस्था **श्री Humour Overseas Pvt. Ltd. (ई.प.नं. ७७७/०६५/०६६) ले** यस विभाग समक्ष झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं. ४ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८१/०४/१४ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

### हे युवा बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा.-३२, सुविधानगर, तिनकुने

**ऋणी सदस्यहरुलाई हर्जाना छुट सम्बन्धी सूचना**

प्रकाशित मिति : २०८१/०४/१५ गते

यस हे युवा बचत तथा ऋण सहकारी संस्था लि. का ऋणी सदस्यहरूले यस संस्थाबाट लिनु भएको ऋण/कर्जा रकमको वक्यौता सावाँ ब्याज यो सूचना प्रकाशित गरिएको मितिले ७ दिन भित्र यस संस्थाको बैंक खातामा वा संस्थामा उपस्थित भई जम्मा गरी कर्जाको सावाँ ब्याज राफसाफ गर्नुभएमा संस्थाको सञ्चालक समितिको बैठकको निर्णय अनुसार आ.व. २०८०/०८१ को हर्जानामा ५०% सम्म छुट गरिएकोले मौकाको फाइदा लिई संस्थालाई सहयोग गर्नुहुन आग्रह गर्दछौं ।

### हाम्रो मेलमिलाप बचत तथा ऋण सहकारी संस्था लि.

का.जि. कागेश्वरी मनोहरा न.पा. वडा नं. ९
फोन नं. ०१४९९१०८७

**धितोमा रहेको सम्पती लिलामको ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८१/०४/१५ गते

यस संस्थाको तपसिलमा उल्लेखित ऋणी सदस्यहरूले संस्थाबाट लिएको कर्जाको सावां, ब्याज, हर्जाना समेत बुझाउन पटक पटक मौखिक तथा लिखित रूपमा तारताकेता गर्दा समेत ऋण रकमको सावां, ब्याज, हर्जाना चुक्ता गर्न तर्फ चासो नदेखाई वेवास्ता गरेकाले आज मिति २०८१/०३/१७ मा लिलाम कार्यका लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त समय सिमा भित्र कर्जाको सावां, ब्याज, हर्जाना समेत नतिरे नबुझाएमा ऋणी सदस्य, धितो सुरक्षण मञ्जुरी दिने, जमानत दिने व्यक्ति तथा सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालो सुचीमा राखिने र संस्थालाई धितो बन्धक दिएको चल अचल श्रीसम्पत्ति सहकारी ऐन २०७४ को दफा ७९ र ८३, सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम धितो लिलाम तथा सकार कार्यविधी २०७८ का साथै अन्य प्रचलित कर्जा असुली कार्यविधी अनुसार देहाय बमोजिमको धितोमा रहेको अचल सम्पती लिलाम बिक्री गर्ने ३५ दिने सूचना प्रकाशित मितिले ३६ औं दिनमा लिलाम बिक्री गरिने व्यहोरा तपसिलमा उल्लेखित ऋणी तथा सम्बन्धित सबैको जानकारीको लागि यसै सूचनाद्वारा सुचित गरिन्छ । यस संस्थाले लिनु पर्ने असुल नभएमा ऋणीलाई कालो सुचीमा राखी निजहरूको अन्य चल-अचल श्रीसम्पत्ति जायजेथाबाट असुल उपर गरिने छ ।

| ऋणीको नाम थर ठेगाना | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|
| नाम : उत्तम दाहाल<br>ठेगाना: काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा वडा नं. ८<br>बाबु: राम प्रसाद दाहाल<br>बाजे: दिनानाथ दाहाल<br>श्रीमति: बिमला दाहाल<br>ना.प्र.नं. १४५२५, २०४४/०३/२३ काठमाडौं । | श्री उत्तम दाहालको नाममा मालपोत कार्यालय चावहीलमा एकलौटी दर्ता स्रेस्ता कायम भई यस सस्थाको नाममा धितो बन्धक पारित भएको जिल्ला काठमाडौं गोठाटार गा.वि.स वडा नं. ३ सिट नं. १०२१०६९२५ कित्ता नं. १७८,१८७ र ३०५ क्षेत्रफल १६६।९० व.मी ३३।८० व.मी र ६३।५७ व.मी. |

१. यो सूचना प्रकाशित भएको मितिले ३६औं दिनमा, सो दिन बिदा परेमा त्यसको भोलिपल्ट का.जि.कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ स्थित हाम्रो मेलमिलाप बचत तथा ऋण सहकारी संस्थाको कार्यालयमा दिउसो ०१:०० बजे डांक बढाबढ मार्फत धितो लिलाम बिक्री गरिनेछ ।
२. धितोमा रहेको जग्गाको पञ्चकृत मूल्य कायम गरि सो मूल्यबाट डांक बढाबढ शुरु हुनेछ । डांक बढी कबुल गर्ने व्यक्ति/संस्थाको नाममा लिलाम बिक्री स्वीकृत गरिनेछ ।
३. कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
४. लिलाम बिक्री हुने सम्पतीको धितोको कागजात तथा अन्य आवश्यक जानकारी चाहिएमा सम्बन्धित व्यक्तिरसंस्थाले कार्यालय समय भित्र यस संस्थामा सम्पर्क राखि बुझ्न सकिनेछ ।
५. सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियमावली २०६४, तथा संस्थाको कर्जा निर्देशिका अनुसार लिलाम सकार हुन नसकेमा वा डांक बढाबढ गरेको रकम संस्थालाई चित्त नबुझेमा सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम संस्थाले आफै धितो सकार गरि स्वामित्व आफूमा लिन सक्नेछ ।
६. लिलाम बिक्रीको कार्य सम्पन्न हुनासाथ लिलाम बिक्री सकार गर्ने व्यक्तिले कबोल गरेको मूल्यको १०% रकम धरौटी वापत संस्थालाई बुझाउनु पर्नेछ । बांकी ९०% रकम लिलाम सकार गरेको मितिले ७ दिन भित्र बुझाउनु पर्नेछ । सो म्याद भित्र बांकी रकम नबुझाएमा धरौटी वापत बुझाएको रकम जफत हुनेछ ।
७. लिलाम सकार गरेको सम्पत्तिको हक हस्तान्तरण गर्दा लाग्ने शुल्क, दस्तुर, पुंजिगत लाभकर तथा अन्य दैदस्तुर लिलाम सकार गर्न व्यक्तिले स्वयंले नै व्यहोर्नु पर्नेछ ।
८. लिलाम बिक्री बोलपत्र फारम रु. १,०००/-(एक हजार मात्र) (फिर्ता नहुने गरि) यस संस्थाको प्रधान कार्यालय, का.जि. कागेश्वरी मनोहरा न.पा. वडा नं. ८ बाट प्राप्त गर्न सकिनेछ ।

### सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिम विवरण देहाय बमोजिम रहेको छ

| | | |
|---|---|---|
| क | निकायको स्वरुप र प्रकृती: | कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम संचालित वित्तीय संस्था । |
| ख | निकायको काम, कर्तव्य र अधिकार: | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए बमोजिम काम, कर्तव्य र अधिकार रहेको छ । |
| ग | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण: | वित्तीय संस्थामा १७२ जना कर्मचारी कार्यरत रहेका छन् र संस्थाले तोकेको कार्य विभीन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । व्यवस्थापन समूहको नाम र पद www.reliancenepal.com.np मा हेर्न सकिन्छ |
| घ | निकायबाट प्रदान गरिने सेवा: | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए बमोजिम राष्ट्रीय स्तरको 'ग' वर्गका वित्तीय संस्थाले दिनसक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु २०६६ साल देखी दिईंदै आएको छ । |
| ङ | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी: | सेवा प्रदानगर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरण www.reliancenepal.com.np मा उपलब्ध छ । |
| च | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी: | वित्तीय संस्थाले सेवा प्रदान गर्दा लिने शुल्क तथा दस्तुरको विवरण www.reliancenepal.com.np मा उपलब्ध छ । |
| छ | निर्णय गर्ने प्रक्रिया र अधिकारी: | वित्तीय कारोवारका सम्बन्धमा विभिन्न प्रकारका विभिन्न तहका अधिकारीहरुले यस संस्थाको कर्जा नीति निर्देशिकाको अधिनमा रही निर्णय गर्ने गरेको छ । प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय संस्थाको संचालक समिती अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ । |
| ज | निर्णय उपर गुनासो सुन्ने अधिकारी: | ग्राहकहरुको गुनासो तथा उजुरी गर्नेको लागी हाल केन्द्रीय स्तरमा रामहरी आचार्यलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरीएको छ ।<br>गुनासो सुन्ने अधिकारी: रामहरी आचार्य – उप प्रमुख कार्यकारी अधिकृत<br>फोन नं.: ९८५११७८८३३, ०१-५३२०६९८ साथै कुनै गुनासो भएमा सिधै ramhari.acharya@reliancenepal.com.np मार्फत् गुनासो राख्न सकिने व्यवस्था गीरएको छ । |
| झ | सम्पादन गरेको कामको विवरण: | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए बमोजिम राष्ट्रीय स्तरको 'ग' वर्गका वित्तीय संस्थाले गर्नसक्ने सम्पूर्ण बैंकिङ्ग तथा वित्तीय कारोवारहरु नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशनको अधिनमा रही सम्पादन भईरहेको छ । |
| ञ | सुचना अधिकारीको नाम र पद: | ग्राहकहरुलाई आवश्यक सुचना प्रदान गर्न निम्न अधिकारीलाई तोकीएको छ ।<br>सुचना अधिकारी: रामहरी आचार्य<br>पद: उप प्रमुख कार्यकारी अधिकृत<br>फोन नं.: ०१-५३६११०४, ५३२३११७, ५३६१०४१, ५३६११६७<br>इमेल: ramhari.acharya@reliancenepal.com.np |
| ट | ऐन, नियम, विनियम वा निर्देशकको सुची: | प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु वित्तीय संस्थाले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजीमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागी प्रमुख रुपमा रहेका छन् ।<br>१. नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ ।<br>२. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ ।<br>३. कम्पनी ऐन, २०६३ बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ ।<br>४. सम्पती शुद्धिकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ ।<br>५. धितोपत्र सम्बन्धी ऐन, २०६३, सुरक्षित कारोवार ऐन, २०६३ ।<br>६. विनियम अधिकार पत्र ऐन, २०३४ ।<br>७. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, आयकर ऐन, २०५८ ।<br>८. उपरोक्त ऐनहरु बमोजिमका सम्पुर्ण नियम तथा विनियमहरु ।<br>९. नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको एकिकृत निर्देशिकाहरु । |
| ठ | आम्दानी खर्च तथा आर्थिक कारोवारहरु सम्बन्धि अद्यावधिक विवरण: | बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवारहरु सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ भने वित्तीय संस्थाको वेबसाईट www.reliancenepal.com.np मा समेत रहेको छ । |
| ड | बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना: | बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।<br>श्री समाज प्रकाश श्रेष्ठ<br>प्रमुख कार्यकारी अधिकृत<br>रिलायन्स फाइनान्स लिमिटेड<br>रिलायन्स भवन, कमलादी, काठमाडौं, फोन नं.: ०१-५३६११०४, ५३२३११७, ५३६१०४१, ५३६११६७<br>इमेल: info@reliancenepal.com.np |


**RELIANCE FINANCE LIMITED**
**रिलायन्स फाइनान्स लिमिटेड**
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त राष्ट्रिय स्तरको संस्था

केन्द्रिय कार्यालय
रिलायन्स भवन, कमलादी, काठमाडौं ।
फोन नं.: ०१-५३६११०४, ५३२३११७, ५३६१०४१, ५३६११६७
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

शाखा कार्यालयहरु:
• न्यूरोड, काठमाडौं: ०१ ५३४५१०४/१०५ • सितापाइला, काठमाडौं: ०१ ५२३३३९७ • इमाडोल, ललितपुर: ०१ ५२०१७०४
• बनेपा, काभ्रे: ०११ ६६३२४४ • शहिद चोक, नारायणगढ: ०५६ ५९६५९८ • टाडी, चितवन: ०५६ ५९३२६९ • महेन्द्रपुल, पोखरा: ०६१ ५८०९८३
• बेशीसहर, लम्जुङ: ०६६ ५२०८१५/८१६ • बैंकरोड, गोरखा: ०६४ ४२०२७८ • आरुघाट, गोरखा: ०६४ ४१०१७२/१७३
• बुटवल, रुपन्देही: ०७१ ५९०१७४ • मनिग्राम, रुपन्देही: ०७१ ५६२९०२ • भैरहवा, रुपन्देही: ०७१ ५९०९०१/९०२ • कोहलपुर बाँके: ०८१ ५४२१५४/१७४
• महेन्द्रनगर, कञ्चनपुर: ०९९ ५२०४४० • अत्तरिया, कैलाली: ०९१ ५५००३३/०८४ • धनगढी, कैलाली: ०९१ ५२३४६२
• चाराली, झापा: ०२३ ४६०१०२ • दमक, झापा: ०२३ ५७२६०२/६०३ • बिर्तामोड, झापा: ०२३ ५३०७४३/७४७ • धुलाबारी, झापा: ०२३ ५६४३९१/३९२

वित्तीय सेवाको अर्को परिभाषा

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### विद्युत् निर्यातले थपेको उत्साह

विद्युत् व्यापारमा नेपालले छोटो समयमै प्रगति हासिल गरेको छ । खासगरी नेपालको विद्युत् भारतीय प्रतिस्पर्धी बजारमा निर्यात गर्न थालेको तीन वर्षमै खुद निर्यातकर्ता बन्ने अवस्थामा आउनु स्वागतयोग्य कुरा हो । बंगलादेशसँगसमेत विद्युत् व्यापारका लागि सम्झौता गरिसकेको नेपाललाई यो उपलब्धिले थप हौसला प्रदान गरेको छ । आयातमा निर्भर अर्थतन्त्रलाई उकास्न नेपालको बिजुली भारत र बंगलादेशमा निर्यात गरेर उकास्ने अवसर र सम्भावना नेपालसँग रहेको छ । जुन कुराले सार्थकता पाउने संकेत गरेको छ ।

नेपाल विद्युत् प्राधिकरणका अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा १६ अर्ब ९३ करोड २६ लाख रूपैयाँबराबरको विद्युत् भारततर्फ निर्यात भएको छ । एक अर्ब ९४ करोड २६ लाख युनिट विद्युत् भारततर्फ निर्यात गरी उक्त आम्दानी गरेको हो ।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्सचेञ्ज (आइएक्स) को डे अहेड तथा रियल टाइम मार्केटमा प्रतिस्पर्धी दरमा र मध्यकालीन विद्युत् सम्झौताबमोजिम भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लि–एनभिभिएनलाई बिक्री गरिरहेको छ । एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ । निर्यात गरिएको विद्युत्को औसत दर प्रतियुनिट आठ रूपैयाँ ७२ पैसा छ ।

प्राधिकरणले गत आवमा १६ अर्ब ८१ करोड तीन लाख रूपैयाँको विद्युत् आयात गरेको जनाएको छ । सुक्खायाममा खोला तथा नदीहरूमा पानीको बहाव घटी देशभित्रका नदी प्रवाही जलविद्युत्गृहबाट विद्युत् उत्पादन घट्ने हुँदा माग धान्न गत आवमा भारतबाट एक अर्ब ८३ करोड ३५ लाख युनिट विद्युत् आयात गरिएको हो । हिउँदयाममा आयात गरिएको विद्युत्को औसत दर प्रतियुनिट नौ रूपैयाँ १७ पैसा छ ।

गत आवमा आयातभन्दा १२ करोड २३ लाख रूपैयाँको बढी विद्युत् भारततर्फ निर्यात भएको छ । ऊर्जाका आधारमा आयातभन्दा १० करोड ९१ लाख लाख युनिट बढी विद्युत् निर्यात भएको हो । निर्यात गरिएको परिमाण आयातभन्दा बढी भएकाले भारतीय प्रतिस्पर्धी बजारमा प्रवेश पाएको तीन वर्षमा नै नेपाल विद्युत्को खुद निर्यातकर्ता बनेको छ । आव २०७९/८० मा भारतबाट १९ अर्ब ४४ करोड ४० लाख रूपैयाँको विद्युत् आयात भएको थियो भने १० अर्ब ४५ करोड ५० लाखको निर्यात गरिएको थियो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार छ–सात वर्षअघिसम्म विद्युत् आयातकर्ताको मात्र अवस्था थियो, तीन वर्षअघिबाट भारतीय प्रतिस्पर्धी बजारमा विद्युत् निर्यात सुरु गरे पनि निर्यातभन्दा आयात बढी भई खुद आयातकर्ता बन्ने अवस्था थियो । गत आवबाट खुद आयातकर्ताबाट निर्यातकर्ता बन्ने अवस्था बनेको छ । थोरै परिमाणमा खुद निर्यातकर्ता भए पनि यो महत्त्वपूर्ण उपलब्धि भएको उनको भनाइ छ । घिसिङले भनेजस्तै ऊर्जा क्षेत्रका लागि यो एउटा कोसेढुंगा बनेको छ ।

## मननयोग्य

### चाणक्य नीति

महात्मा विदुरलाई महाभारतमा महापात्र अर्थात् महान् बुद्धिमान भनिएको छ । उनले बोलेका कुराहरू ज्यादै नै समझदारीपूर्ण तथा सोचविचार पुर्‍याएर गरिएका गहिरा ठानिन्थे । विदुर एक अनुपमेय व्यवहारवादी व्यक्तित्व थिए । अन्धा राजा धृतराष्ट्रलाई सल्लाह दिने प्रधानमन्त्रीको रूपमा विदुर नियुक्त गरिएका थिए, जुन विदुरले जुवा, द्रौपदीको बस्त्रहरण, दुर्योधनको उद्दण्डता तथा पाण्डवसँग दुर्योधनले राख्ने सम्पूर्ण दुराग्रहको विरोध गरेका थिए । राजा र देशका लागि सदा इमानदार सेवक भएर आफ्नो पदमा रहेका थिए । अरूलाई जस्तो उनलाई दोष दिने कतै ठाउँ उनले छाडेनन् । सदा राजा, देश र न्यायको पक्षमा स्वयम् राजा ध्तराष्ट्रसँग बहस गरेर आफ्नो इमान र धर्मको पालना गरे । उनी जस्तो नीतिश र चतुर आजको संसारमा अन्य कोही कतै जन्मेको छ ? छैन सबै पैसा, पद र शक्तिका दास मात्र छन् । महात्मा विदुर उद्भट विद्वान्, धर्म र नीतिका ज्ञाता तथा वैदिक कालको राजनीतिमा पोख्त थिए। यिनै कारणले गर्दा 'महाभारत' मा उनको विशिष्ट स्थान छ । यिनी सबैका लागि सम्माननीय थिए । परम अभिमानी र पाण्डवहरूप्रति अत्यधिक द्वेषपूर्ण भावना लिने दुर्योधनसमेत विदुरको निष्पक्षताका विषयमा पूर्णतः आश्वस्त रहन्थ्यो । विदुरको वाणी-संयम, समयानुकूल कुरा गर्नु (अर्थात् जुन कुरा भन्नैपर्ने हुन्छ कटु नै भए पनि न हिच्किचाएरै भन्ने बानी) यी सबै उनका सर्वश्रेष्ठ गुणहरू थिए ।

विदुर कति धेरै समादृत थिए भन्ने सम्बन्धमा एउटा प्रसंगलाई लिन सकिन्छ : बाह वर्ष वनवास र एक वर्षको गुप्तवासपश्चात् पाण्डवहरू विराटनगरमा प्रकट भएका थिए । राजा द्रुपद पनि विराटनगरमा गएर भावी कार्यक्रम र युद्धको तयारीबारे छलफल गर्दथे । राजा दुपदले आफ्ना पुरोहितलाई कुरु नरेश धृतराष्ट्रकहाँ पाण्डवहरूको राज्य फर्काउनेबारे खबर गर्न पठाए । पुरोहितले भनेको युक्तियुक्त भनाइलाई भीष्म आदिले अनुमोदन गर्दा पनि दुर्योधनले अस्वीकार गरिदियो । क्रमश :

# ओली सरकारको अनिश्चित भविष्य



■ गंगा बराल

> आलोपालो प्रधानमन्त्री बन्ने सहमतिलाई ओलीले मान्छन् नै भन्ने विश्वासिलो आधार अहिलेसम्म बनेको छैन । ओलीको बोली र उनको विगतको क्रियाकलाप हेर्दा कांग्रेससँगको सत्ता सहयात्रा बीचैमा टुट्ने खतरा उत्तिकै छ । आफू प्रधानमन्त्री भएको र कांग्रेस सरकारका लागि आफ्नो पछिपछि आएको भन्ने सम्झेर ओलीले आफू अनुकूल गर्दै गए भने सरकार दुर्घटनामा पर्न सक्छ । उता सत्ताबाट बाहिरिनुपर्दाको पीडा माओवादीले ओली–देउवाबीचको सम्बन्ध तोड्न हरसम्भव प्रयास गर्ने निश्चित छ ।

एमाले अध्यक्ष केपी शर्मा ओली चौथोपटक प्रधानमन्त्री भएका छन् । प्रतिनिधिसभाको यो कार्यकालमै प्रधानमन्त्री हुन नपाइएला कि भनेर छटपटिएका ओली कांग्रेसको साथ पाएर सत्ताको नेतृत्व गर्न पाउँदा खुसी नहुने कुरै भएन । त्यसो त उनी त्यति सजिलै प्रधानमन्त्री बनेका होइनन् । आफू प्रधानमन्त्री बन्नका लागि उनले भित्री रूपमा निकै चलखेल गरे । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले आफू नै पाँच वर्ष प्रधानमन्त्री हुने भन्दै हिँड्दा ओली झस्किएका थिए । आफैंले साथ दिएर प्रधानमन्त्री बनाएका दाहालले आफूसँगको सहमति तोड्दै पद नछाड्ने संकेत देखाएपछि ओलीले विकल्प खोजेका थिए । अन्ततः कांग्रेस सभापति शेरबहादुर देउवासँग सत्ता साझेदारी गर्दै दाहाल सरकारलाई विस्थापित गर्न सफल भए ।

ओलीले प्रधानमन्त्रीका रूपमा असार ३१ गते शपथग्रहण गरे । ओली प्रधानमन्त्री हुँदा सर्वसाधरणमा मानिसमा पनि उत्साह छाएको छ । उनले केही गर्लान् भन्ने धेरैले सोचेका छन् । ओली राम्रो बोल्न सक्छन्, तनाव भएका बेला ख्यालठट्टा गरेर मानिसलाई हँसाउने खुबीको प्रशंसा नै गर्नुपर्छ । तर, प्रधानमन्त्रीले कहाँ के बोल्ने र कहाँ के नबोल्ने भन्नेचाहिँ ख्याल गर्नुपर्ने हुन्छ ।

ओली नेतृत्वको सरकार गठन भएको १५ दिनमात्रै भएको छ, आलोचना गर्ने बेला भएको छैन । सरकारले राम्रो काम गरोस्, जनताको पक्षमा काम गरोस्, सबैको अपेक्षा यही हो । यद्यपि, ओलीका विगतका गतिविधिले सरकार कसरी चल्छ ? टिक्छ कि टिक्दैन ? सत्ता साझेदार दलहरूबीच सम्बन्ध दिगो हुन्छ कि हुँदैन ? भनेर शंका गर्नुपर्ने प्रशस्तै आधार छन् । अघिल्लो महिनासम्म माओवादी केन्द्र र नेकपा एमाले मिलेर सरकार चलाइरहेका थिए तर ओलीले किन अचानक माओवादीसँगको गठबन्धन तोडे भन्ने विषय गम्भीररूपमा समीक्षा गनुपर्छ । हुन त प्रधानमन्त्री हुने लोभमा ओलीले माओवादी केन्द्रसँग सम्बन्ध तोडेको हो भनेर सजिलै बुझ्न सकिन्छ यसलाई अन्यथा मान्नु पनि भएन । संसद्मा रहेका दुईवटा प्रमुख ठूला पार्टीले सरकार चलाएको विरलैमात्र देख्न पाइन्छ । यीमध्ये एउटा दलले सरकार चलाउँदा अर्को दल प्रतिपक्षमा बसेर सरकारलाई खबरदारी गर्नुपर्ने हो तर त्यस्तो भएन ।

प्रतिनिधिसभामा तेस्रो स्थानमा रहेको माओवादी केन्द्र पनि प्रमुख प्रतिपक्षीको भूमिका खेल्न सक्षम छ तर ऊ पटक-पटक सरकारमा रहेकाले विपक्षी पार्टीको धर्म के हो भनेर सिक्न पनि केही समय लाग्न सक्छ । माओवादी केन्द्रका अध्यक्ष दाहालले अहिलेसम्म कांग्रेस सभापति देउवालाई र एमाले अध्यक्ष ओलीलाई सधैं घुमाइरहेका थिए तर यसपटक देउवा र ओलीले दाहाललाई थाहै नपाई घुमाइदिएपछि दाहाललाई पर्नुसम्मको पीर परेको छ । हुन त दाहालले राजनीतिमा धेरै ठक्कर नखाएका होइनन् । कहिले चुनावमा आएको परिणामले बिथोलिने र कहिले अनेक चपेटामा परेका दाहाललाई सरकार छोड्नुपरेको घटना सामान्य नै लागे पनि तत्कालका लागि कल्पनाबाहिरको घटना भएकाले सताउनु स्वाभाविक नै हो । दाहालले पछिल्लो समयमा आफ्नो पार्टी तेस्रो स्थानमा हुँदा पनि कहिले कोसँग त कहिले कोसँग साँठगाँठ गरेर सरकार बनाउनु र टिकाउनुलाई चानचुने क्षमताको रूपमा लिनु हुँदैन । राजनीति आफ्नो फाइदाका लागि गर्ने हो भन्ने बुझेका दाहालले चैतमा भएको राष्ट्रिय सभा अध्यक्षको निर्वाचनमा के गरे भन्ने कुरा छ । दाहालले एमालेसँग तालमेल गरेर भाइ नाता पर्ने नारायणप्रसाद दाहाललाई राष्ट्रिय सभाको अध्यक्ष बनाए । दाहालले यति नगरेका र पूर्वसहमति मानिदिएका भए कांग्रेस नेता कृष्णप्रसाद सिटौला राष्ट्रिय सभाको अध्यक्ष हुने पक्कापक्की थियो । दाहालले पनि यहाँ आफ्नो फाइदा मात्रै हेरे । सहमतिअनुसार नेपाली कांग्रेसलाई राष्ट्रियसभाको अध्यक्ष दिनुपर्ने भएपछि एमालेसँग मिलेर गरेको चालबाजीलाई कमजोर आँक्न मिल्दैन । दाहालले कांग्रेससँगको त्यतिबेलाको गठबन्धन तोडेर एमालेसँग मिलेर सरकार बनाएपछि केही जान्ने बुझ्नेहरूले ओलीको बठ्याइँको रूपमा हेरे । तर ३२ सिट भएको पार्टीलाई प्रधानमन्त्री दिएर ७९ सिट भएको पार्टी एमाले सरकारमा झुण्डिएर जानु असुहाउँदो थियो ।

मुलुकको राजनीति देउवा, ओली र दाहालकै वरिपरि नै घुमेको छ । उनीहरूले जे चाहे त्यही हुने गरेको छ । उनीहरू आवश्यक परे क्षणभरमै जुट्न र अलग्गिन तयार हुन्छन् । सरकारबाट बाहिरिनु परे वा एक पार्टीलाई दिएको समर्थन फिर्ता लिनुपरे नेताहरूको विरोधमा जस्तोसुकै बोल्न पनि जान्दछन् त्यसैले नेताहरूको बहुप्रतिभालाई मान्नैपर्ने हुन्छ । केही अघिसम्म ओली र दाहालको त्यति राम्रो मिलन थियो तर सत्ताबाट पाखा लाग्नेबित्तिकै मित्रपूर्ण सम्बन्ध शत्रुतामा परिणत भएको छ । हुन त राजनीतिमा 'कोही पनि दिगो मित्र र शत्रु हुँदैन' भनिन्छ । यो भनाइलाई नेताहरूले सार्थक बनाइदिएका छन् ।

दाहालले कांग्रेससँगको सहकार्य तोडेर फागुन २१ मा एमालेसँग मिलेर सरकार बनाए । यतिबेला न त कांग्रेस दाहालको विरोधमा खनियो न त दाहालले कांग्रेसको आलोचना नै गरे । असार २८ गते प्रतिनिधिसभाबाट विश्वासको मत लिने क्रममा पनि दाहाल ओलीविरुद्ध निकै खनिए । ओलीको कुरा गर्दा मुसुमुसु हाँसिरहेका देउवाले भने दाहालबाट कुनै प्रकारको प्रहार सहनु परेन । यसले कुनै दिन फेरि माओवादी-कांग्रेसबीच सत्ता गठबन्धन हुन सक्छ भन्ने संकेत गर्छ । दाहालले फागुणमा आफू रहुञ्जेल राजनीतिमा उथलपुथल भइरहने बताएका थिए । उनको यो भनाइको त्यतिबेला आलोचना भयो, उनले यति नभनेका भए पनि दाहालले सधैं उथलपुथल नै गरेका छन् भनेर सबैले सजिलै बुझेका नै थिए । लामो समयपछि सत्ताबाट बाहिरिँदा माओवादीलाई पीर परेको छ, यो बेला उसले संगठन विस्तार गरेर गाउँगाउँसम्म जानुपर्ने खाँचो छ । सधैं सत्तामा बसेर जनताबाट टाढा भएको माओवादीलाई यो एउटा राम्रो अवसर भएको छ ।

यसअघि माओवादीले चलाएको तीन महिना गाउँ जाने अभियान पनि प्रभावकारी भएको थिएन । माओवादीले पछिल्लो समयमा रूपान्तरणका लागि केही प्रयास गरेको भए पनि उसको हिजोको गतिविधि सम्झेर मानिसले अझै पनि पत्याएका छैनन् । द्वन्द्वकालमा मानिसले माओवादीबाट पाएको पीडा अझै ताजा भएकाले पनि माओवादी भनेपछि मानिसले सजिलै मतदान गर्ने अवस्था बनेको छैन । माओवादीले भने द्वन्द्वका बेलामा 'केही छिटपुट घटना भएको' भन्दै मानिसको आलोचनाबाट पन्छिने प्रयास गरेको छ तर मान्छे मार्नुलाई छिटपुट घटना भन्दै पन्छिने छुट उसलाई छैन । जसले पीडा भोगेको छ त्यो पीडाको अनुभूति माओवादीले गरेको भए उसमा पनि केही सद्बुद्धि पलाउँथ्यो होला । माओवादीले जति नै परिवर्तनका कुरा गरे पनि र 'अग्रगामी छलाङ' को शब्द प्रयोग गर्दै मानिसलाई भुल्याउन खोजे पनि त्यो द्वन्द्वकालको पीडालाई भने कसैले पनि बिर्सिन सकेका छैनन् ।

असार १७ गते एमाले र कांग्रेसबीच गरिएको सातबुँदे सहमति २२ दिनपछिमात्रै सार्वजनिक गरियो । देश र जनताको लागि अग्रगामी निर्णय गरेको भनेर भाषण ठोक्न पछि नपर्ने ती पार्टीहरूले त्यस्तो राम्रो निर्णय किन लुकाएका होलान् भनेर प्रश्न गर्दा फरक पर्दैन । २२ दिनसम्म लुकाइएको सहमतिको बुँदा नम्बर ४ मा भनिएको छ- राष्ट्रिय सहमतिको सरकारको नेतृत्व सरकार गठन भएको मितिले दुई वर्षसम्म एमाले अध्यक्ष ओलीले र त्यसपछि २०८४ मंसिरमा हुने आमनिर्वाचनसम्म कांग्रेस सभापति देउवाले गर्ने ।

तर यो सरकार त्यतिबेलासम्म टिक्छ कि टिक्दैन भन्ने आम चासोको विषय बनेको छ । देउवाले यसअघि गरेका सहमति कार्यान्वयन गर्दै आएकाले उनलाई विश्वास गर्ने प्रशस्तै आधार छ । ओलीले दुई वर्षसम्म यो सरकार चलाउने भनेर सहमति गरेका छन्, देउवाले पनि स्वीकारेका छन् तर कांग्रेसले चलाएको मन्त्रालयमा पनि ओलीले हस्तक्षेप गरे भने उनीहरूको सम्बन्ध कतिञ्जेल टिक्ला ?

पार्टीमा ओली अध्यक्ष भएकाले उनले जे गरे पनि स्वीकार्य होला तर सरकारमा रहेको कांग्रेसले भने ओलीले गरेका सबै निर्णय मान्नुपर्ने हुँदैन । हिजो पनि सरकार चलाउँदा ओलीले गठबन्धन दलसँग गरिएको सहमति नमान्दाको परिणाम सबैले बुझिसकेका छन् । २०७३ सालमा एमाले र माओवादीबीच आलोपालो नेतृत्व गर्ने सहमति नमान्दा माओवादीले समर्थन फिर्ता लिए पनि ओलीले सरकार नछोड्ने भन्दै लिएको जब्बरपनको अडानलाई सामान्य मान्न सकिँदैन । ओलीले हिजो प्रधानमन्त्री हुँदा दुई पटक प्रतिनिधिसभा विघटन गरेका थिए । त्यतिबेला अरू कसैलाई प्रधानमन्त्री स्वीकार्न तयार भएका भए संसद् विघटन गर्ने प्रधानमन्त्रीको रूपमा इतिहासमा सधैं कलंकित हुनुपर्ने नै थिएन । पार्टीभित्रैबाट आलोचना हुँदा पनि अडानबाट पछि नहटेर फेरि पनि संसद् विघटन गर्न झम्टिएका उनी अझै पनि आफ्नो त्यो काम वैध देखाउने प्रयासमा छन् ।

आलोपालो प्रधानमन्त्री बन्ने सहमतिलाई ओलीले मान्छन् नै भन्ने विश्वासिलो आधार अहिलेसम्म बनेको छैन । ओलीको बोली र उनको विगतको क्रियाकलाप हेर्दा कांग्रेससँगको सत्ता सहयात्रा बीचैमा टुट्ने खतरा उत्तिकै छ । आफू प्रधानमन्त्री भएको र कांग्रेस सरकारका लागि आफ्नो पछिपछि आएको भन्ने सम्झेर ओलीले आफू अनुकूल गर्दै गए भने सरकार दुर्घटनामा पर्न सक्छ । उता सत्ताबाट बाहिरिनुपर्दाको पीडा माओवादीले ओली-देउवाबीचको सम्बन्ध तोड्न हरसम्भव प्रयास गर्ने निश्चित छ । यस्तोमा कांग्रेस र माओवादीले फेरि सत्ताको हात मिलाउने सम्भावना उत्तिकै छ ।




# म ऽऽ नांगै ! गुण्डाऽराज

कुनै बेला लावण्य भन्ने देशमा नवराज भन्ने बालकलाई हात्तीले माला लगाइ दिएर राजा बनाइदियो । कुनै बेलाको लावण्य अहिलेको नेपाल देशमा हात्तीको बिटा बुझाएर नवराजा बनाउने चलन आयो । सिंगो देशलाई परदेश बनाएपछि दल दलमा हल हल गोरु बाँधेर जोत्न थालेपछि नवराजाहरू हात्तीकै भरमा हात्तीका लागि डुबुल्की मार्दै छन् ।

'हात्ती र हात्ती छाप उस्तैउस्तै हो नानी' भन्ने उखान कण्ठ पार्न लगाएर आफू हात्ती लाने अरूलाई हात्तीको छाप लगाइदिएपछि दिन गए । हात्ती भनेको हात्ती नै हो छाप भनेको त अहिलेको दलका हल गोरुजस्तै हो । उल्टो लगाए पनि हुने सुल्टो लगाए पनि हुने ! जस्तो लगाए पनि जयजयकार मात्र हुने !

कलिको अन्त्यमा उल्टो नै सुल्टो हुन्छ । सत्य ओझेलमा पर्दै जान्छ तर भ्रम, छलकपटले सधैं जित्छ भन्ने चित्रे काकाको चित्रण अहिले छर्लंग हुँदै छ भन्दै बांगे बा फलाक्दै थिए ।

चित्रे काकाले तीन बीस सालतिर ओकलेका कुरा बांगे बाले चौतारीमा बसेर औतारीलाई भनिरहँदा औतारीले पनि धर्म बेचेर कर्म नगर्नेहरूले गर्दा बांगे बाउहरू एक्लिँदै गए भनेको मात्र के थिए बांगे बाउको तीन बित्ता उफ्रिए ।

तँलाई स्याल, यता उता गरेर मलाई नै घरीघरी घोच्दो रैछ । धर्म बेचेर मैले के कर्म गरिनँ ? कर्म गरेर मैले धर्म गरेको छु । भ्रम, छलकपटको विरोध गरेको छु । त्यही असत्य र झूठको विरोध गरेर मलाई जहाँतहीँ बांगाको बांगै बनाका छन् देखिनस् ?

औतारीलाई पनि ढुंगा खोज्दा देवता मिल्यो भनेजस्तै भयो । बूढाको कुरा कसरी खोतलौं जस्तो भएको थियो बूढाले आफैं ओकलीहाले । गाउँ-गाउँमा राज गर्नेहरू कुण्डले छन् । सहरमा राज गर्नेहरू मण्डलेहरू छन् । कुण्डले र मण्डले मिलेपछि तिमीजस्तो बूढाको के काम ? त्यही भनेको मैले औतारीले चौतारीमा सबैका सामु पोल खोलिदियो ।

औतारीका कुराले सायद बांगे बूढाको पारो चढेजस्तो छ । गर्ने नै मै जस्ता बूढाले हो । शेरे बूढो, ओली बूढो, दाहाले बूढो अनि कुन चाहिँ ठिटो ? त्यही बूढाहरूलाई हात्तीका हात्ती बिटाले हानेर गुण्डाहरूले शासन गर्ने दिन आयो, देखिनस् !

देखें देखें । त्यही देखेर त तिमी बूढाहरू ओइलायौं भनेको नि । ज्यान मार्ने, असुली धन्दा गर्ने, मान्छे बेच्नेहरूले शासन गर्ने दिन आयो । कोही नांगै मन्त्रालय चलाउने ? कोही ज्यान मारेर सत्ता हाँक्ने ? कोही चेलीको शरीर बन्धक बनाएकै कारण मन्त्री बन्न पाउने ? क्या काइदाको गाँणतन्त्र ल्यायौं ? अहिले पछुताएर हुन्छ ? औतारीले बांगे बाउलाई व्यंग हान्दै भन्यो ।

औतारीको व्यंग वाणले बांगे बाउलाई कहाँ छोयो कुन्नि बूढाले रिसले दाह्रा किट्दै भन्न थाले । अँ तिमीहरू साइँदुवाहरू । मासु-रौसीमा चुर्लुम्म परेर झोले बन्ने अनि अहिले हामीलाई देखाउने ? सामन्ती शासन व्यवस्था फाल्न भनेर बांगिएको ज्यान हो यो बुझिस्, तँलाई ठेउके ! कत्तिको उसैका गुण्डा नाइकेले परिवर्तन गरेको भन्ठान्दो रैछ ?

ज्यान बंग्याएर पनि टाउको बंग्याए पनि एकपटक चुनाउ उठ्न पाको छैनौ क्यार ! किन टचाउ टचाउ गर्छौ ? बरू त्यही मऽनांगै सत्ता चलाउँछु भन्दै छ/छ पटक मन्त्री भइदियो । उहाँ राना थापाले नांगै लड्की नचाएर राणा बनेर मन्त्री भ्याइदियो । तिम्रै भकभक दाजुले एनजिओवाली धर्मपत्नीलाई मन्त्री बनाइदिए !

औतारीले बांगे बाउलाई चुट्नुसम्म शव्दवाणले चुटेपछि बूढा झन्झन् जंगिए । तँ जस्तै अहिलेका बड्कौलाहरूले गर्दा हो नि । सुझ न बुझसँग दौडिन्छौं । हिजो कसले के योगदान गरेको छ भन्ने कुरालाई बेवास्ता गरेपछि उही सारी र नारीको हातमा नगएर हाम्रा हातमा आउँछ त ?

न हातमा बिटा आउँछ न मुखमा सिता जान्छ अनि तिम्रा भाउजूले नपाए कसले पाउँछ त ? उल्टो मलाई पो दाइको धर्मपत्नी रे ? मान्छे बेच्ने भाउजु, हप्ता असुल्ने नांगे, नांगै नचाउने राना अनि मान्छे मार्ने बादशाहहरूजस्तै गुण्डाहरूले राज गर्ने थलो बनेको छ त ?

बूढाको बल्ल घैंटोमा घाम लाग्यो कि क्याहो औतारी बोल्छ ।

बूढाको घैंटोमा घाउ अहिले हैन बाबु पहिलेदेखि नै लागेको थियो । सुमेरु पर्वत घुम्ने बांगे पो हुन् ? तीन फन्का घुमेर गणेश स्तुति गर्ने हो र म ? कुरा गर्छ ।

औतारी र बांगे बाकै छलफलमा सबै दंग परेका छन् । चौतारीमा पहिले जस्तो न्यायको बहस हुँदैन । त्यहाँ तँ अन्याय गर्ने जाली, लुटपाट गर्ने महाजालीहरूको जमघट गर्ने थलो बनिसक्यो । जसले सद्दे कुरा गर्छ त्यसको दिन गन्ती सुरु हुन्छ ?

चौतारीमा मटचांग्राहरू त्यसै दंग परेका छन् । त्यसै नांगै जंगिएको छैन । अब कलम ठूलो होइन तरबार ठूलो हो । विचार ठूलो हैन बिटो ठूलो हो । औतारी कुरा बुझिराख । बांगे बाले एक झट्का हानिहाले ।

चौतारीमा भेला भएका मटचांग्राहरू कानेखुसी गर्न थाले । कहिल्यै आक्रोश व्यक्त नगर्ने बांगे बा आज निकै आक्रोशित भएका रैछन् । साँच्चै नै विचारले परिवर्तन गर्नुपर्छ भन्थे बूढा । सबले हिस्स पारेपछि यस्तै हो ! बांगे बाले चौतारीमा आएका मटचाङग्रा मात्र होइन दलदलमा भासिएका औतारीहरूलाई विचारका कुरा सधैं नै गरेकै हुन् । उनी थाके छन् ! विचारका कुरा हैन बिटाका कुराले जित्यो भन्छन् !

बूढा निराश हुँदै भन्छन्, 'अब रामराज्यको कल्पना नगर्नू, गुण्डाऽराज सुरु भइसकेको छ । ऊ मात्र नांगै भएको होइन उसलाई त्यहाँ पुर्‍याउने सबै नांगै भइसकेका छन् । उसले कपडा खोलेर नांगै भयो अरू कपडा लगाएर नांगै भएका छन् । अब सधैंका लागि यी नांगै हुने छन् । नांगे नवराजाहरू ।

# भरतपुर अस्पतालमा बहिरंग टिकट पाउनै मुस्किल




**चितवन (प्रस)–** यहाँको भरतपुर अस्पतालमा अर्थोपेडिक विभागमा आज २५० जनाले मात्रै बहिरंग सेवामा टिकट काट्न पाउने भएका छन् । सोभन्दा बढी सेवाग्राहीले टिकट नपाउने अवस्था रहेको अस्पताल प्रशसानले जनाएको छ ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट प्रा.डा. कृष्णप्रसाद पौडेलले सोमबार बिहान मातहतका कर्मचारीलाई उक्त दिन २५० भन्दा बढीको टिकट नकाट्न निर्देशन दिएका थिए । 'हिजो (आइतबार) टिकट काटेका १०० भन्दा बढी बिरामी उपचार नलिई फर्किनुपर्‍यो, सेवा नलिई बिरामीलाई फर्काउनुभन्दा क्षमताअनुसार मात्रै टिकट उपलब्ध गराउनु उपयुक्त हुन्छ ।' स्वास्थ्य बिमाको नियमअनुसार टिकट काटेको दिनमामात्रै उक्त टिकटबाट सेवा लिन सकिन्छ । अर्को दिन आउँदा नयाँ टिकट लिनुपर्ने हुन्छ । आइतबार बिहानभरि लाइन बसेर टिकट काटेका १०० भन्दा बढी बिरामी फिर्ता भएका अस्पतालका अर्थोपेडिक सर्जनसमेत रहनुभएका डा पौडेलले बताए । उनहरूले आज परीक्षण गर्न पुनःटिकट काट्नुपर्ने हुन्छ ।

सरकारी भरतपुर अस्पतालमा यो समस्या अर्थोपेडिकसँगै मेडिकल, सर्जिकललगायत विभागमा छन् । मेडिसिन विभागमा मात्रै दैनिक ५०० भन्दा बढी बिरामी आउने बताउँदै डा. पौडेलले कतिपयले टिकट काट्नै नपाउने अवस्था रहेको उल्लेख गरे । स्वास्थ्य बिमामार्फत सेवा लिनेको घुइँचो, सीमित जनशक्तिलगायत कारण लामो लाइन बसेर काटेको टिकटबाट कतिपयले उपचार नलिई फर्किनुपरेको उनले स्वीकारे । डा. पौडेलका अनुसार पत्थरीको शल्यक्रियाका लागि एक वर्ष दुई महिनापछिको पालो दिनुपर्ने अवस्था छ । शल्यक्रिया गर्दा शरीरभित्र राखिएको 'स्टिल' निकाल्न एक वर्ष पालो कुर्नु परिरहेको भन्दै उनले आकस्मिकबाहेकका सबै शल्यक्रियाका लागि लामो समय पालो कुर्नुको विकल्प नभएको बताए ।

'आइतबार अस्पतालमा बहिरंग सेवा लिन आएका दुई हजार ६५४ बिरामीमध्ये एक हजार ७४५ जना स्वास्थ्य बिमामार्फत सेवा लिने बिरामी थिए । यो संख्या कुनै दिन तीन हजार नाघ्ने गरेको छ,' पौडेलले भने । अस्पताल विकास समितिका अध्यक्ष राजु पौडेलले बिरामीले टिकट नपाएको गुनासो आउन थालेपछि बहिरंगको समय बढाउने गरी विकास समितिले निर्णय गरेको बताए । अहिले अस्पतालमा बिहान ९:३० देखि ३ बजेसम्म बहिरंग सेवा सञ्चालन हुँदै आएकामा मंगलबारदेखि बिहान ९ बजेदेखि दिउँसो ४ सम्म सेवा सञ्चालन गरिने उनले जानकारी दिए ।

स्वास्थ्य मन्त्रालयले सरकारी अस्पतालमा दुई सिफ्ट बहिरंग सेवा सञ्चालन गर्न निर्देश गरेको छ । सोहीअनुसार चिकित्सकलाई अप्ठ्यारो नपर्ने गरी व्यवस्थापन गरिएको अध्यक्ष पौडेलले बताए । उनका अनुसार पहिलो सिफ्टमा ९ बजेदेखि अपराह्न २ सम्म र दोस्रोमा ११ देखि अपराह्न्न ४ बजेसम्म सिफ्ट मिलाइएको छ ।

पहिलो सिफट्मा ८० प्रतिशत र दोस्रोमा २० प्रतिशत चिकित्सक आउने जनाउँदै अध्यक्ष पौडेलले अपुग चिकित्सकका लागि नयाँ नियुक्तिको मागसहित सूचना प्रकाशित गरिएको जानकारी दिए । उनले भने, 'अस्पतालमा आउने बिरामी उपचार नपाएर फर्किनु हुँदैन । अब पुरानो तरिकाले नयाँ परिणाम पाउन सकिँदैन । बहिरंगको समय बढाएर सेवा दिने तयारी भइसकेको छ ।'

# वन्यजन्तुबाट पीडित ४५७ किसानलाई क्षतिपूर्ति

**बाँके (प्रस)–** बाँके राष्ट्रिय निकुञ्जले वन्यजन्तुबाट पीडित मध्यवर्ती क्षेत्रका ४५७ किसानलाई क्षतिपूर्ति वितरण गरेको छ । गत आर्थिक वर्ष २०८०/८१ मा एक वर्षको अवधिमा पशु धन क्षति भएका ४५७ किसानलाई ३० लाख १८ हजार रूपैयाँ क्षतिपूर्ति वितरण गरिएको निकुञ्जका प्रमुख संरक्षण अधिकृत मनोजकुमार शाहले बताए ।

उनका अनुसार एक वर्षको अवधिमा बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा चितुवा आक्रमणबाट सामान्य घाइते भएका दुई सर्वसाधारणलाई एक लाख २३ हजार रूपैयाँ क्षतिपूर्तिबापत उपलब्ध गराइएको छ । यसैगरी, पशुधन क्षतिका १८१ घटनामा १८ लाख २५ हजार र अन्नबाली क्षतिका २७२ घटनामा १० लाख ६९ हजार रूपैयाँ क्षतिपूर्ति वितरण गरिएको निकुञ्जका प्रमुख संरक्षण अधिकृत शाहले बताए ।

बाँके राष्ट्रिय निकुञ्जले अघिल्लो आर्थिक वर्षमा ३६४ वन्यजन्तुबाट पीडित सर्वसाधारणलाई क्षतिपूर्ति प्रदान गरेको थियो । चितुवाको आक्रमणबाट तीन सख्त घाइते र एक सामान्य घाइतेलाई चार लाख ८९ हजार, पशुधन क्षतिका ६८ घटनामा छ लाख ९६ हजार र अन्नबाली क्षतिका २९२ घटनामा १२ लाख ४१ हजार रूपैयाँ क्षतिपूर्ति वितरण गरिएको थियो ।

## वन्यजन्तु अपराधसम्बन्धी सात मुद्दा दर्ता

बाँके राष्ट्रिय निकुञ्जले गत आर्थिक वर्ष २०८०/८१ मा वन्यजन्तुको चोरी-सिकार तथा अपराधसम्बन्धी विभिन्न सात थान मुद्दा दर्ता गरेको छ । सात मुद्दामध्ये छ थान बाँके राष्ट्रिय निकुञ्ज र एक बाँके जिल्ला अदालतमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार दर्ता गरिएको निकुञ्जकी रेञ्जर बिनिता केसीले जानकारी दिइन् । उनका अनुसार गत आर्थिक वर्षमा संरक्षित जनावर चौखाको चोरी-सिकारमा संलग्न एक मुद्दा बाँके जिल्ला अदालतमा दर्ता गरिएको छ भने सवारीसाधनको ठक्करबाट मृत्यु भएका पाँच र चित्तल सिकारीको एक गरी छ मुद्दा निकुञ्जमै दर्ता भएका छन् ।

'राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार संरक्षित जनावरको चोरी-सिकारीको मुद्दा अदालतमा दर्ता गर्छौं, अन्य जनावरको मुद्दा निकुञ्जमै दर्ता गरेर अनुसन्धान र फैसला हुने गर्दछ,' निकुञ्जकी रेञ्जर केसीले भनिन्, 'गत आर्थिक वर्षका सातवटा मुद्दा अनुसन्धानका क्रममा रहेका छन्, अझै फैसला भइसकेको छैन ।' गत आर्थिक वर्ष सवारीसाधनसँग ठोक्किएर एक रतुवा र चार चित्तलको मृत्यु भएको तथा एक चित्तल चोरी-सिकारको मुद्दा निकुञ्जमा दर्ता भएको छ ।

# लैंगिक हिंसा न्यूनीकरण गर्न संयन्त्र निर्माण

**टीकापुर (कैलाली)–** जिल्लाको टीकापुर नगरपालिकाका हिंसापीडित महिला तथा बालबालिकाका लागि सेवाहरूको नक्सांकन र सिफारिस संयन्त्र निर्माण गरिएको छ । संयन्त्रमा लैंगिक हिंसा न्यूनीकरणका क्षेत्रमा टीकापुरमा काम गरिरहेका संघसंस्था, देशव्यापी काम गरिरहेका संयन्त्र, प्रदेश तथा जिल्लाभित्रका सरकारी निकाय तथा सञ्जालहरूको विवरण तयार गरिएको हो ।

संयन्त्रमा हिंसामा परेका महिला तथा बालबालिकाको उपचार, परामर्श, न्यायिक पक्रियाका लागि सिफारिस गर्ने ठाउँको विवरण, सम्पर्क नम्बरलगायत कुरा समावेश गरिएका छन् । टीकापुर नगरपालिकाले हिंसा न्यूनीकरणमा काम गरिरहेका सेवा प्रदायकको नक्सांकन गर्दा १४ संघसंस्था रहेका महिला बालबालिका शाखा प्रमुख संगीता शाहले बताइन् । 'सेवा प्रदायकको सबै विवरणसहित नक्सांकन गर्दा काम गर्न सहज हुन्छ । हिंसापीडितलाई छिटो न्याय दिन सहज होस् भनी संघसंस्थाको नक्सांकन र सिफारिस संयन्त्र निर्माण गरेका हौं,' उनले भनिन्, 'संयन्त्र बनेकाले अब आउँदा दिनमा यहाँ काम गर्न चाहने संघसंस्थालाई पनि सहज हुन्छ ।'

पालिकालाई अब हिंसा न्यूनीकरण तथा न्यायिक क्षेत्रमा काम गर्न संघसंस्था खोज्ने, व्यक्ति खोज्ने झन्झट अन्त्य हुने छ । नगरपालिकामा सेवा प्रदायक संघसंस्थाको नक्सांकन भएमा सेवा लिनेलाई र पालिकालाई पनि हिंसा न्यूनीकरणमा काम गर्न सहज हुने वडा नं ४ का वडाध्यक्ष तथा सामाजिक विकास समितिका संयोजक लालवीर चौधरीले बताए ।

'लैंगिक हिंसा प्रभावितका लागि काम गर्न सहज हुन्छ । सेवा लिनेलाई कुन संस्थाले के सेवा दिन्छ भन्ने जानकारी हुन्छ,' उनले भने, 'पालिकालाई पनि हिंसापीडित आएमा कहाँ प्रेषण गर्ने, कसरी सघाउने भन्ने थाहा हुन्छ ।'

सुदूरपश्चिम प्रदेशका महिला बालबालिका शाखा प्रमुख जयन्ती गिरीले संयन्त्रमा संघसंस्था तथा जिल्लाभित्रका सरकारी निकाय तथा सञ्जालको विवरण, खट्ने व्यक्तिको विवरण राखिने भएकाले हरेक वर्ष अद्यावधिक गर्नुपर्ने बताइन् । 'लैंगिक हिंसा न्यूनीकरण समस्या बनिरहेको छ,' उनले भनिन्, 'यसलाई गम्भीर सोचेर काम गर्नुपर्छ । यसरी संयन्त्र बनाउँदा सरोकारवालालाई सक्रिय बनाउन सघाउँछ ।' *रासस*

# Narainapur Rural Municipality

# Office of Rural Municipal Executive

**Narainapur, Banke**

**Lumbini Province, Nepal**

## Invitation for Electronic Bids

**IFB No: NRM/WORKS/NCB/BUILDING/01-2081/082**

First Date of Publication : 2081/04/15 (**7/30/2024**)

Deadline for Bid: **12:00 hours on** 2081/05/13 (**8/29/2024**)

1. The Government of Nepal [GoN] ***has allocated funds*** towards the cost of ***Construction of Academic Building Block, Staff Building Block, Diwa Khaja Ghar, Saraswati Temple, Toilet, Boundary wall & Fence and Water Tap Stand in Aadarsh Secondary School, Laxmanpur, Narainapur -2, Banke*** and intends to apply part of the funds to cover eligible payments under the Contract ***Construction of Academic Building Block, Staff Building Block, Diwa Khaja Ghar, Saraswati Temple, Toilet, Boundary wall & Fence and Water Tap Stand in Aadarsh Secondary School, Laxmanpur, Narainapur -2, Banke*** of ***NRM/WORKS/NCB/BUILDING/01-2081/082*** Bidding is open to all eligible as per Section V of bidding document.

2. ***Narainapur Rural Minicipality*** invites electronic bids from eligible bidders for ***Construction of Academic Building Block, Staff Building Block, Diwa Khaja Ghar, Saraswati Temple, Toilet, Boundary wall & Fence and Water Tap Stand in Aadarsh Secondary School, Laxmanpur, Narainapur -2, Banke*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:

| Name of Project | Contract ID No. | Price of Bid Document | Bid Security Amount | Average Annual Construction Turnover of the best 3 years within last 10 years | Bid Capacity | Specific Construction Experience | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Minimum Work Experience of Similar Size & Nature | Construction Experience in Key Activities |
| Construction of Academic Building Block, Staff Building Block, Diwa Khaja Ghar, Saraswati Temple, Toilet, Boundary wall & Fence and Water Tap Stand in Aadarsh Secondary School, Laxmanpur, Narainapur -2, Banke | NRM/ WORKS/ NCB/ BUILDING/ 01-2081/082 | NRs. 5,000/- | NRs. 9,30,000.00/- | NRs. 49.82 Million | NRs. 33.21 Million | At least One Project of worth NRs. 13.29 Million | Annually completed building construction projects within the same financial year for all quantities :- -238 Cum of Brick Masonry Works (1:4) - 237 Cum of M20 (1:1.5:3) Concrete Works - 33 MT Rebar Works - 2225 Sqm of Foamworks - 2375 Sqm of Plaster works(1:4) |

3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Name of Office: Narainapur Rural Municipality, Address: Narainapur, Banke, Telephone: +977-9858031078, Email: narainapur.rm073@gmail.com** or may visit PPMO e-GP system ***www.bolpatra.gov.np/egp.***

4. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of ***NRs. 5,000.00*** for bidding document in the Project's Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**

   **Name of the Bank:** Sunrise Bank Limited

   **Name of the office:** Narainapur Rural Municipality, Narainapur, Banke

   **Office Code No.:** - 801055706

   **Revenue Account No.:** 0740488087703006 (or visit Narainapur Rural Municipality Office, 9858070105)

   **Revenue Heading No.:** 14229

   and the scanned copy (*.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

5. Pre-bid meeting shall be held at the office as mentioned in Narainapur Rural Municipality, Narainapur, Banke ***at 13:00 hours*** on 2081/4/31 (**08/15/2024**)

7. Interested bidders should submit the bids **Electronically** only through e-procurement portal **http://www.bolpatra.gov.np/egp** only on or before 2081/05/13 (**8/29/2024**) ***12:00 hours.*** Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System, Operating Guideline 2073 and User manuals issued by PPMO which are available in e-GP system. Bids received after this deadline will be rejected.

8. The Electronics bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/05/13 (**8/29/2024**) ***13:00 hours*** at the office as mentioned. Non-attendance of any or all of the Bidder's representatives shall not hinder the opening of the Bids. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of ***NRs. 9,30,000.00*** which shall be valid for 30 days beyond the validity period of the bid. ***Bidder who choose to deposit cash as bid security account is mentioned below:***

   ***Name of the Bank: Sunrise Bank Ltd.***

   ***Office Name:*** Narainapur Rural Municipality,Narainapur,Banke

   ***Deposit Account No:*** 0740488087701004 ***(Dharauti khata)***

9. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

10. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and other prevailing rules and regulations of Nepal.

**(Janak Lal Chaudhary)**

**Chief Administrative Officer**

प्रभाव दैनिक

मंगलबार, १५ साउन २०८१ (Tuesday, July 30, 2024)

रूपशाला

## ४० दिनमै 'पूर्ण बहादुरको सारंगी'को छायांकन

फिल्म 'पूर्ण बहादुरको सारंगी'को सम्पूर्ण छायांकन सकिएको छ । फिल्मको छायांकन दुई चरणमा गरेर ४० दिन लगाएर पूरा गरेको हो । गत जेठ २४ गतेदेखि छायाकंन सुरू गरिएको फिल्मको ओखलढुंगा जिल्लाको रूम्जाटार क्षेत्र आसपासमा ३६ दिन लगाएर पहिलो चरणको छायांकन सम्पन्न गरिएको थियो भने काठमाडौँ उपत्यकामा चार दिनको दृश्य खिचेर दोस्रो चरणको छायांकन सकिएको निर्माता विनोद पौडेलले जानकारी दिए । फिल्ममा विजय बराल, प्रकाश सपूत, मुकुन भुसाल, अञ्जना बराइलीको मुख्य भूमिका रहेको छ ।



# देउडा संस्कृतिलाई उचाइमा ल्याउन निरन्तर होमिएका रावल

■ प्रभाव संवाददाता




**काठमाडौं–** सुदूरको लोक देउडा क्षेत्रलाई वजिलो र लोकप्रिय बनाउनका लागि लोकदेउडा गायक नरेन्द्र रावल निरंन्तर लागि रहेका छन् । चाहे बिगतको क्यासेटको जमाना होस् यात आधुनिक डिजिटल प्रविधि होस् देउडा गीत संगीत मार्फत उनकाले थुप्रै गीतहरू बजारमा ल्याएर स्रोता दर्शक माझ लोकप्रिय बन्दै गएका छन् ।

अछामको मंगलसेन नगरपालिका वडा नम्बर १० जुपुमा जन्मिएका नरेन्द्र रावलको बाल्यकालदेखिकै रुचि गायन तथा गीत संगीत भएकै कारण उनले द्वन्दका बेला २०५७ सालमा आफ्नो पहिलो गीति क्यासेट फुलिजा शान्तिका फुल नामक बजारमा ल्याएका थिए ।

पहिलो क्यासेटका गीतहरू स्रोताहरूले निकै रुचाएपछि उनका अन्य गिति क्यासेटहरू शिरानिमा आँशु, धन्य पिरतिका खेल, रंगायाको सिउँदो, कर्मका खेल, अपुरा सैना, कलेजका शेष, लगायत दर्जन बढी देउडा क्यासेट स्रोता हरूले निकै रुचाएका थिए ।विषेशगरि सुदूर तथा कर्णालीमा आफ्ना गीतहरू मार्फत लोकप्रिय बन्दै गएका गायक रावलले क्यासेट हरू टेपरिकोट मार्फत सुन्ने प्रविधि हराउँदै गए पछि उनले आफ्ना गौड्या भेट र सुदूर पश्चिम ढक मक्क फुलि नामक लोक देउडाका दुईटा अडियो भिडियो बजारमा सँगै ल्याए ।

जुन गीत रावलका मेचीदेखि महाकाली सम्म निकै लोक प्रिय र चर्चित रहे, तत्कालीन समयमा प्रविधिका कारण सेलाएको देउडा गीतमा र देउडाको क्षेत्रमा सुदूरका कलाकारमा समेत उनका गीतले जागरण ल्यायो । यति मात्र नभएर उनले २०७५ को उत्कृष्ट देउडा गायकको रूपमा ओएस नेपाल म्युजिक अवार्ड समेत हात पारे, संगै २०७५ मा नै उनी सुदूरपश्चिम सरकारबाट संगीत बिधा तर्फबाट पहलमान सिंह स्वार स्रष्टा पुरुषकारबाट सम्मानित भए ।

देउडा क्षेत्रमै उनले विभिन्न समयमा संगीत तर्फका दर्जन बढी सम्मान र पुरुषकार हात पर्न सफल भएका रावलले दर्जनौ लोक देउडाका चर्चित अडियो भिडियोहरू बजारमा ल्याएका छन ।

हाल उनले झल्को रयाको बोलको गीत रेकर्ड गरि लगत्तै भिडियो बजारमा ल्याउने बताएका छन् । सुदूरको भाषा, कला, संस्कृति र साहित्यको उजागर मात्र नगरेर उनले सुदूर पश्चिमको धार्मिक, सामाजिक, र सांस्कृतिक पर्यटनमा समेत देउडा गीत संगीत मार्फत योगदान पुऱ्याएको यहाका दर्शकहरू बताउँछन् ।

देउडामा पृर्थक शब्द र संगीत गर्ने रावल राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानको नेपाललाई सुदूर पश्चिम प्रदेशमा संथापन गर्ने मध्येका रावल २०७२ सालमा प्रतिषठानको आजीवन सदस्य भई अछाम जिललाको संस्थापन उपाध्यक्ष र अध्यक्ष हुँदै हाल सुदूर पश्चिम प्रर्देश कार्य समितिको सल्लाहकार छन् ।

# लोयाङको स्वरमा गीत 'सान्नानी'

■ प्रभाव संवाददाता



**काठमाडौं–** जर्जियामा भएको 'वर्ल्ड राइजङ स्टार २०२४'का उपाधि विजेता लोयाङ शेर्पाको स्वरमा रहेको गीत 'सान्नानी'को भिडियो सार्वजनिक भएको छ । लोयाङ १० औं 'डीएसए सिङ्गिङ स्टार' पनि हुन् । गीतमा एरिक विश्वकर्माको शब्द, संगीत छ । गीतमा विराज गौतमको एरेन्ज छ ।

रसिक राजको निर्देशन रहेको भिडियोमा नवौं 'डीएसए प्री-टीन डान्सिङ स्टार' प्रिन्सु रेग्मी, नवौं 'डीएसए डान्सिङ स्टार' युना सिंह ठकुरी, दशौं 'डीएसए जुनियर डान्सङ स्टार' बाटिका बिजुक्षे, दशौं 'डीएसए मिनि डान्सिङ स्टार' दिव्या नेपाली, बाह्रौं 'डीएसए प्री-टिन डान्सिङ स्टार' सिम्रिका श्रेष्ठ र लोयाङ फिचर्ड छन् ।

भिडियोमा अनिशा खत्रीको कोरियोग्राफी, अभिषेक श्रेष्ठको संयोजन, पिंकी तामाङको मेकअप, विकास सिटौलाको छायांकन छ ।

परिवर्तन इभेन्ट हाउसको युट्युब च्यानलबाट भिडियो सार्वजनिक गरिएको हो । हाउसले बालबालिकाहरू 'डीएसए स्टार'को विजेतावापत उपहार स्वरूप यो भिडियोमा अभिनय र गायनको अवसर पाएको जनाएको छ । भिडियोको निर्माण परिवर्तन इभेन्ट हाउसले नै गरेको हो ।

# 'ह्रस्व दीर्घ'को पोस्टर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** संविधान दिवसको अवसर पारेर आगामी असोज ३ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'ह्रस्व दीर्घ'को नयाँ पोस्टर सार्वजनिक गरिएको छ । पोष्टरमा हरिहरसँगै पोस्टरमा प्रशान्त ताम्राकार, 'गजनी' भिलेन प्रदीप रावत, 'पुष्पा' भिलेन सुनिल वर्मा र साउथ अभिनेता कबीर दुहन सिंह पनि चित्रित छन् ।




उनीहरूको आँखामा रिसको ज्वाला देखिन्छ । सुनिलको लुक्सले 'पुष्पा' कै झल्को दिन्छ। प्रदीप भने निधारमा तिलक र घाँटीमा रुद्राक्षको माला लगाएर पण्डितझैँ देखिएका छन् । फिल्ममा साउथबाट ब्रम्हानन्दम र अलीको पनि अभिनय छ ।

चन्द्र पन्तको डेब्यु निर्देशनमा तयार भएको फिल्ममा नीता ढुंगाना, सञ्चिता लुइँटेल, विपना थापा, सरोज खनाल, किरण केसी, बुद्धि तामाङ, गरिमा शर्मा, रवीन्द्र झा, नरेन खड्का, आदर्श मिश्र आदिको पनि अभिनय छ । यो फिल्मबाट विपनाले करिब १३ वर्षपछि कमब्याक गरेकी हुन् । नीता फिल्मस्को प्रस्तुतिमा निर्माण भएको 'ह्रस्व दीर्घ'को कार्यकारी निर्मातामा धननजय गलानी रहेका छन् ।

हरिहर अधिकारीको कथा एवं प्रतिक पौडेल, निर्देशक पन्त र हरिहरको पटकथा तथा संवाद रहेको फिल्मलाई बलिउड छायाँकार कवीरलालले खिचेका हुन् । उनले 'वेलकम ब्याक', 'परदेश', 'दिल आपके पास है' जस्ता थुप्रै हिन्दी फिल्म खिचेका छन् । नेपाली, तेलुगु र हिन्दी गरी तीन भाषामा रिलिज हुने यो फिल्मलाई मनोज राठी र उज्वल पौडेलको व्याङ्कटेस इन्टरटेनमेन्ट वितरण गर्दैछ ।

## रंगशाला

दशौं राष्ट्रिय खेलकुद :

# खेलाडीको नाम दर्ता खुला

■ प्रभाव संवाददाता

**बैतडी–** दशौँ बृहत् राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि बैतडीमा खेलाडीको नाम दर्ता खुला गरिएको छ । सोमबारदेखि नाम दर्ता खुला गरिएको जिल्ला खेलकुद समितिका कार्यालय प्रमुख तर्कराज जोशीले जानकारी दिए । सहभागी हुन चाहने महिला र पुरुष खेलाडीले भदौ ५ गतेसम्म समितिको कार्यालयमा आएर नाम दर्ता गनुपर्ने छ। कार्यालय प्रमुख जोशीले भने, 'प्रतियोगितामा सहभागी हुन चाहने खेलाडीले अनिवार्य रूपमा नाम दर्ता फारम भरेको हुनुपर्नेछ, फारम नभरेको खेलाडीले छनौट प्रतियोगितामा सहभागिता जनाउन पाउने छैनन् ।'




समितिका अध्यक्ष चमनकुमार भण्डारीले यसरी नाम दर्ता गरिएका मध्येबाट छनौटका लागि भदौ १५ देखि ३१ सम्म प्रतियोगिता सञ्चालन गरिने बताए । उनका अनुसार भलिबल, क्रिकेट, कबडी, एथ्लेटिक्स, ब्याडमिण्टन, फुटबल, खो-खो, बुद्धिचाल, भारत्तोलन, टेबलटेनिस, कराँते, तेक्वान्दो, बक्सिङ, कराँते, उसु, आई टि एफ तेक्वान्दो, ह्वाण्डबल र सेपाक्टालगायत खेल छनौट प्रतियोगितामा खेलाइने छन् ।

जिल्लाबाट छनौट भएका खेलाडीले सुदूरपश्चिम प्रदेश छनौट प्रतियोगितामा सहभागी हुन पाउनेछन् । राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा दशौँ बृहत् राष्ट्रिय खेलकुद प्रतियोगिता मङ्सिर २ गतेदेखि ९ गतेसम्म कर्णाली प्रदेशमा हुँदैछ ।

# एथलेटिक्स परिवारको नयाँ समितिमा खत्री

■ प्रभाव संवाददाता



**काठमाडौं–** एथलेटिक्स परिवार नेपालले १७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ। परिवारको काठमाडौंमा सम्पन्न साधारण सभाले राजन खत्रीको अध्यक्षतामा १७ सदस्यीय नयाँ कमिटि चयन गरेको हो ।

परिवारको उपाध्यक्षहरूमा दिपक कुमार रञ्जीत, रमेश शाक्य, देबी बस्नेत, आशाराम गोठे, महासचिवमा मन्जु श्रेष्ठ, सचिवमा सुन्दर केशर काकी र कोषाध्यक्षमा चन्द्र कुमार थापा चयन भएका छन् । सदस्यहरूमा प्रेम महत, देव महर्जन, बाबुराजा श्रेष्ठ, कमला बानियां, श्रीकृष्ण महर्जन, सुरेन्द्र ग्वांछा, सपना आचार्य, साबित्री बस्नेत र सुनिता कुमारी योञ्जन निर्वाचित भएका छन् । साधारण सभाको अवसरमा परिवारले आफ्नो बार्षिक कार्यक्रम सार्वजनिक गर्दै २०८१ कार्तिक १० गते अन्तर नगर-गाउपालिका राष्ट्रिय क्रसकन्ट्री दौड, मंसिर अन्तिम साता राष्ट्रिय गोल्डेन एथलेटिक्स मिट र चैत्र महिनामा राष्ट्रिय खुल्ला मिक्स रिले रन आयोजना गर्ने भएको छ ।

कीर्तिमानी धावक बैकुन्ठ मानन्धरले उद्घाटन गरेको साधारण सभामा गत आर्थिक वर्षमा उत्कृष्ट खेल प्रर्दशन गर्ने महिलातर्फ सन्तोषी श्रेष्ठ र पुरुषतर्फ दिपक अधिकारी र प्रशिक्षकमा धनिराम चौधरीलाई सम्मान गरिएको छ । कार्यक्रममा हालै बंगलादेशमा सम्पन्न अन्तराष्ट्रिय भेट्रान एथलेटिक्स प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडीहरू बुद्धबीर लामा, पुष्पलाल श्रेष्ठ, धर्म महर्जन, दिपक कुमार रन्जीत, रैवत कुमार दाहाल र लाक्पा शेर्पालाई सम्मान गरिएको थियो ।

# अझै बनेन लेखनाथको बहुउद्देश्यीय 'कभर्ड हल'

■ रामबहादुर थापा/रासस

**गण्डकी–** आठ वर्षअघि पोखराको लेखनाथ रंगशालामा निर्माण थालिएको बहुउद्देश्यीय 'कभर्ड हल' बीचमै अलपत्र परेको छ । तीन वर्षदेखि कभर्ड हल निर्माण ठप्प अवस्थामा छ । बनेका संरचना पनि जीर्ण बन्न थालेका छन् ।

पोखरा महानगरपालिका-२९ भण्डारढिकमा निर्माणाधीन उक्त कभर्ड हल बजेट अभावमा अलपत्र परेको हो । निर्माण समितिका अध्यक्ष सुवास खड्काले पछिल्ला दुई आवमा कभर्ड हललाई कतैबाट पनि बजेट नपरेको बताए । पोखरा रंगशालाको विकल्पका रूपमा लिइएको लेखनाथ रंगशालाको कभर्ड हल निर्माणले गति नलिएपछि खेलकुदप्रेमी निराश छन् ।

'बजेट नभएका कारण कभर्ड हल निर्माण रोकिएको हो,' अध्यक्ष खड्काले भने । पोखरा महानगरसहित सङ्घ र प्रदेश सरकारबाट बजेट ल्याउन समितिले प्रयास गरेपनि सम्बन्धित निकायबाट सुनुवाई नभएको उनको भनाइ छ । अहिलेसम्म कभर्ड हलमा रु एक करोड दस लाख खर्च भइसकेको निर्माण समितिले जनाएको छ ।

आव २०७४/०७५ मा गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयबाट छुट्टिएको रु ११ लाख बजेटबाट कभर्ड हलको निर्माण सुरु गरिएको थियो । त्यसयता राष्ट्रिय खेलकुद परिषद्को रु. ५० लाख, प्रदेशको युवा तथा खेलकुद मन्त्रालयको रु २५ र तत्कालीन प्रदेशसभा सदस्य दीपक कोइरालाको निर्वाचन क्षेत्र विकास कार्यक्रमको रु २५ लाख बजेट खर्च भइसकेको छ ।

उक्त बजेटबाट कभर्ड हलमा भुइँतलाको पिलर र गारो लगाउने काम भएको छ । 'सबै संरचना तयार गर्न अझै तीन करोड जति बजेट लाग्छ', अध्यक्ष खड्काले भन्नुभयो, 'भलिबलदेखि मार्सल आर्टलसम्मका प्रायः सबै 'इन्डोर' खेललाई हुने गरी कभर्ड बनाउन लागिएको हो ।' कभर्ड हल नहुँदा खेलाडी खुला चौरमा खेल्न बाध्य छन् । प्रशिक्षक हेमन्त विकले सात वर्षदेखि खुला आकाशमुनि कराते सिकाउँदै आएको सुनाए ।



'घाँसे मैदानमा प्रशिक्षण चलाउनुपर्ने बाध्यता छ, कभर्ड हल छैन, बर्खामा ट्र्याक हिलाम्मे हुँदा खेलाडी दौडन पनि पाउँदैनन्', विकले दुःखेसो पोखे, 'रंगशाला मात्र भनेर के गर्ने खेल पूर्वाधार छैन ।' बहुउद्देशीय कभर्ड हल ४५ मिटर लामो र २६ मिटर चौडा हुने गरी निर्माण सुरू गरिएको थियो । सुरुमा रु तीन करोडको बजेट अनुमान गरिए पनि महँगीका कारण अब लागत पनि बढ्ने भएको छ ।

नवौं राष्ट्रिय खेलुकद प्रतियोगिता पोखरामा हुँदा राखेप सदस्य सचिव टङ्कलाल घिसिङले उक्त कभर्ड हलको अवलोकन गरी बजेटका लागि पहल लिने आश्वासन दिएका थिए । प्रदेश सरकारका प्रतिनिधिले पनि पटकपटक बजेटको कमी हुन नदिइने बताउँदै आएका छन् । तर बजेटकै कारण महत्वपूर्ण खेल पूर्वाधार वर्षौंदेखि अलपत्र छ । कभर्ड हलमा हालसम्म भएको लगानी यसै खेर जाने हो कि भन्ने चिन्ता स्थानीय खेलप्रेमीहरूलाई छ ।


पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिलगायत खेल क्षेत्रसँग सम्बन्धित सङ्घसंस्थाले बजेट नभएर कभर्ड हल अलपत्र परेपछि तीनै तहका सरकारको ध्यानाकर्षण गराइएका थिए । लेखनाथ रंगशालालाई पूर्वाधार सम्पन्न बनाउन पोखरा महानगरले अगुवाई गर्नुपर्ने स्थानीयवासीको माग छ ।

खेलाडी उत्पादनदेखि र खेल गतिविधि सञ्चालनका लागि लेखनाथ रंगशाला उपुयक्त ठाउँमा रहेकाले पूर्वाधारमा राज्यले लगानी गर्नुपर्ने अध्यक्ष खड्काको भनाइ छ । रंगशालामा भएका अन्य खेल पूर्वाधारको पनि उचित रेखदेख र संरक्षण हुन नसकेको स्थानीयवासीको गुनासो छ ।

# ‘विश्वव्यापी अस्थिरता व्यवस्थापनमा चीन महत्त्वपूर्ण मध्यस्थकर्ता’

**बेइजिङ–** विश्वव्यापी तनाव व्यवस्थापनमा चीन ‘महत्त्वपूर्ण मध्यस्थकर्ता’ भएको इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनीले सोमबार चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको भेटवार्तामा बताएकी छन् ।

गत वर्षको अन्त्यमा बेइजिङको विशाल बेल्ट एण्ड रोड इनिसिएटिभबाट आफ्नो देशको बहिर्गमनका कारण चिसिएको सम्बन्धलाई ‘पुनः सुरु’ गर्ने प्रतिबद्धता व्यक्त गर्दै मेलोनी करिब दुई वर्षअघि कार्यभार सम्हालेयता पहिलोपटक चीन भ्रमणका शिलशिलामा बेइजिङमा छिन् । बेइजिङको दियाओयुताई स्टेट गेस्टहाउसमा सोमबार इटालीका प्रधानमन्त्री मेलोनीले सीसँग वार्ता गरेकी हुन् । ‘अन्तर्राष्ट्रियस्तरमा असुरक्षा बढिरहेको छ र मलाई लाग्छ कि यी सबै गतिशीलतालाई सम्बोधन गर्न चीन अनिवार्यरूपमा एक महत्त्वपूर्ण मध्यस्थकर्ता हो,’ उनले सीसँग भनिन् ।



उक्त अवसरमा स्थिरताको प्रत्याभूति कसरी गर्ने, शान्तिको प्रत्याभूति कसरी गर्ने भन्ने विषयमा दुई देशले मिलेर सोच्नुपर्ने उनले बताइन् । उनले चिनियाँ राष्ट्रपति सीसँग भनिन्, ‘सबैभन्दा ठूलो कुरा हामीलाई स्थिर रहनका लागि हामीले काम गर्ने नियमको प्रणाली आवश्यक छ ।’ सो अवसरमा चिनियाँ राष्ट्रपति सीले बेइजिङ र रोमबीचको ‘लामो समयदेखि स्थापित मैत्रीपूर्ण’ सम्बन्धको प्रशंसा गरे ।

‘दुवै पक्षले सहिष्णुता, पारस्परिक विश्वास र पारस्परिक सम्मान कायम राखेका छन् र प्रत्येकले आ-आफ्नो विकासको बाटो रोज्छन्,’ उनले भने । चिनियाँ प्रधानमन्त्री ली कियाङसँग आइतबार भएको भेटमा मेलोनीले आफ्नो भ्रमणले द्विपक्षीय सहयोगलाई पुनःस्थापित गर्ने बताएकी थिइन् । नेताद्वयले एक द्विपक्षीय कार्ययोजनामा हस्ताक्षर गर्दै ‘व्यापारिक सम्बन्ध सन्तुलित र पारस्परिक लाभकारी छ भन्ने सुनिश्चित गर्नुपर्ने’ मा जोड दिएका थिए ।

दस्तावेजका अनुसार यसको अर्थ ‘कम्पनीहरूले निष्पक्ष प्रतिस्पर्धा र स्वतन्त्र व्यापारको भावनामा समान सर्तमा काम गर्न सक्दछन् ।’ वार्ताका क्रममा लीले इटालीसँगको सम्बन्धलाई थप परिपक्व र स्थिर दिशामा अघि बढाउन बेइजिङ इच्छुक रहेको बताएका थिए । मेलोनीको प्रशासनले गत डिसेम्बरमा चीनको ‘बेल्ट एण्ड रोड इनिसिएटिभ’बाट हात झिकेको थियो । पदभार ग्रहण गर्नुअघि मेलोनीले विदेशमा चीनको प्रभाव विस्तार गर्ने सीको प्रयासको मुख्य खम्बाका रूपमा रहेको यस पहलमा सामेल हुनु ‘गल्ती’ भएको बताएकी थिइन् ।

बेल्ट एण्ड रोडमा सामेल भएपछि इटालीले चीनसँग गरेको गैरबाध्यकारी समझदारीपत्रमा रसद, पूर्वाधार, वित्त र वातावरणमा सहयोगका लागि व्यापक प्रतिबद्धता समावेश गरिएको थियो । तर, विवरणहरू दुर्लभ थिए र पारदर्शिताको अभावले इटालीका सहयोगीहरूबीच अविश्वास बढाएको थियो ।

मेलोनीको प्रशासनले संयुक्त राज्य अमेरिकापछि इटालीको दोस्रो ठूलो गैर-इयू व्यापारिक साझेदार चीनसँग सम्बन्ध सुधार्ने प्रयास गरेको छ । आइतबार एक व्यापारिक मञ्चमा लीसँगै बोल्दै मेलोनीले भनिन्, ‘हाम्रो व्यापारिक सम्बन्ध सबैका लागि निष्पक्ष र लाभप्रद होस् भन्ने मैले चाहेको छु ।’ *रासस/एएफपी*

## अस्ट्रेलियामा कोभिड–१९ का कारण मृत्युदर अझै पनि उच्च

**सिड्नी–** अस्ट्रेलियामा कोभिड-१९ का कारणले हुने मृत्युदर अझै पनि औसतभन्दा बढी भएको अनुसन्धानले देखाएको सोमबार सार्वजनिक रिपोर्टमा उल्लेख गरिएको छ । विज्ञहरूले कोभिडको प्रभाव आगामी वर्षहरूमा पनि सामना गर्नुपर्ने प्रक्षेपण गरेका छन् ।

‘अस्ट्रेलियन एक्चुरिज इन्स्टिच्युट’ को अनुसन्धानले सन् २०२३ मा कोभिडले अनुमान गरिएको भन्दा पाँच प्रतिशत बढी मानिसहरूको मृत्यु भएको पत्ता लगाएको छ । अनुसन्धानबाट विज्ञहरूले कोभिडको कारणले मृत्यु हुने व्यक्तिहरूको संख्या मापन गरी अतिरिक्त मृत्युदर अझै महामारीपूर्वको स्तरभन्दा बढी रहेको जनाएका हुन् ।

अनुसन्धानअनुसार मृत्युको नवौं प्रमुख कारण रहेको कोभिडजन्य कारणबाट गत वर्ष करिब चार हजार ६०० जनाको मृत्यु भएको थियो । अनुसन्धान प्रतिवेदनमा कोभिडको नियमित उपचार तथा नियन्त्रण नगरिएको उल्लेख गर्दै कोभिडलाई उच्च मृत्युदरको सम्भावित कारकका रूपमा उद्धृत गरिएको छ ।

विज्ञहरूका अनुसार सन् २०२२ को तुलनामा सन् २०२३ मा अतिरिक्त मृत्युदर भने कम थियो । विस्तारै कोभिड-१९ लहरले हाल अघिल्लो लहरको तुलनामा कम मृत्यु भएको बताउँदै एक्च्युरी इन्स्टिच्युटकी प्रवक्ता करेन कटरले आगामी वर्षसम्म पनि कोभिड मृत्युको कारण बन्ने बताइन् । *रासस/एएफपी*

## भेनेजुएलाको राष्ट्रपतिमा मडुरो चौथो कार्यकालका लागि निर्वाचित

**काराकस, भेनेजुयला–** भेनेजुएलाको राष्ट्रपति चुनावमा निकोलस मडुरो चौथो कार्यकालका लागि विजयी घोषित भएका छन् । मडुरोले ५१.२ प्रतिशत मत प्राप्त गरी विजयी भएको र विपक्षी उम्मेदवार एडमुन्डो गोञ्जलेज उरुटियाले ४४.२ प्रतिशत मत प्राप्त गरेको निर्वाचन परिषद्ले जनाएको छ ।

विपक्षी र क्षेत्रीय छिमेकी केही मुलुकले तत्काल आधिकारिक नतिजालाई अमान्य बताएका छन् । निर्वाचन परिषद्बाट मतपरिणामको घोषणापछि राष्ट्रपति मडुरोले राष्ट्रपति भवनमा समर्थकहरूलाई सम्बोधन गरेका छन् । सम्बोधनमा उनले भने, ‘भेनेजुएला र विश्वका जनतासामु बोलिभारियाली गणतन्त्र भेनेजुएलाको पुनः राष्ट्रपतिमा म निर्वाचित भएको छु । मेरो आगामी जिम्मेवारी देशमा शान्ति, स्थायित्व र न्यायका लागि हुने छ । सबैले शान्ति र सुव्यवस्थाको सम्मान गरौं ।’

तर भेनेजुएलाको विपक्षी गठबन्धनले निर्वाचन परिषद् तथ्यांक (मत परिणाम) लाई अस्वीकार गर्दै आफूले ७० प्रतिशत मत प्राप्त गरेको दाबी गरेको छ । ‘हामी भेनेजुएला र विश्व समुदायलाई भेनेजुएलाको नयाँ राष्ट्रपतिमा डमुन्डो गोञ्जलेज उरुटिया निर्वाचित भएको जानकारी गराउन चाहन्छौं,’ विपक्षी नेता मारिया कोरिना माचाडोले पत्रकार सम्मेलन गरी बताए । उनले चुनावमा आफ्नो दलले बृहत् समर्थनसहित निर्वाचित बनेको दाबी गरे ।

कोस्टारिकाका राष्ट्रपति रोड्रिगो चाभेजले नतिजालाई ‘कपटपूर्ण’ भन्दै निर्वाचनको आधिकारिकतामाथि प्रश्न उठाएका छन् भने चिलीका राष्ट्रपतिले परिणामलाई ‘विश्वास गर्न’ कठिन भनी प्रतिक्रिया दिएका छन् । पेरुले मतपरिणामबारे परामर्शका लागि आफ्ना राजदूतलाई फिर्ता बोलाएको बताएको छ । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले भेनेजुएलाको निर्वाचन परिणामले भेनेजुएलाका मतदाताको इच्छालाई प्रतिबिम्बित नगरेको भन्दै मतपरिणामप्रति अविश्वास प्रकट गरेका छन् । *रासस/एएफपी*

## बंगलादेशमा प्रशासनको बेवास्तापछि थप आन्दोलनमा विद्यार्थी

**ढाका–** बंगलादेशका प्रधानमन्त्री शेख हसिनाको नेतृत्वको सरकारले विदार्थी नेतालाई रिहा गर्ने र आन्दोलनका क्रममा शाहदत प्राप्त गरेका नागरिकका आफन्तसँग माफी माग्ने अन्तिम चेतावनीलाई बेवास्ता गरेपछि आन्दोलनरत बंगलादेशी विद्यार्थी समूहले सोमबारका लागि सडक प्रदर्शनको नयाँ आन्दोलनको घोषणा गरेको छ ।

एएफपीलाई प्रहरी र अस्पतालबाट प्राप्त नयाँ तथ्यांकअनुसार यस महिना निजामती सेवाको भर्नामा आरक्षण (कोटा) प्रणालीको विरोधमा विद्यार्थीहरूले जुलाइमा गरेको प्रदर्शनका क्रममा भएका हिंसात्मक घटनाहरूमा कयौं प्रहरी अधिकारीसहित २०५ जनाको मृत्यु भएको थियो ।

यो भिडन्त हसिनाको १५ वर्षे कार्यकालको सबैभन्दा खराब घटना थियो तर सरकारले सेना परिचालन गरेर, कर्फ्यु लगाएर र देशव्यापीरूपमा इन्टरनेट बन्द गर्दै सम्भावित उथलपुथल हुनबाट रोकेको छ । सुरुमा विरोध प्रदर्शन गर्ने समूह ‘स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसन’का कम्तीमा आधा दर्जन नेतालाई प्रहरीले हिरासतमा लिएपछि हजारौं विद्यार्थीले उनीहरूको आन्दोलनमा सहभागिता जनाएका थिए ।

‘सरकारले हाम्रो आन्दोलनप्रति पूर्ण असंवेदनशीलता देखाइरहेको छ,’ समूहका संयोजक अब्दुल कादरले जारी गरेको विज्ञप्तिमा भनिएको छ । उनले भने, ‘हामीले देशभर विरोध र्‍यालीको आह्वान गरेका छौं । हामी बंगलादेशका सबै नागरिकलाई हाम्रो मागप्रति ऐक्यबद्धता जनाउन र हाम्रो आन्दोलनमा सहभागी हुन अनुरोध गर्दछौं ।’

स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसनका नेताहरूले आइतबार साँझसम्म प्रहरीले आफ्ना नेताहरूलाई रिहा नगरे एक हप्ता लामो आन्दोलन स्थगनको कार्यक्रमलाई सोमबारदेखि नै जारी राख्ने अन्तिम चेतावनी दिएका थिए । यस समूहको मागमा हिंसाका लागि हसिनाले सार्वजनिकरूपमा माफी माग्नुपर्ने, उनका कयौं मन्त्रीहरूलाई बर्खास्त गर्नुपर्ने र अशान्तिको उत्कर्षमा रहेका देशभरका विद्यालय र विश्वविद्यालयहरू पुनः खोल्नुपर्ने पनि समावेश छ ।

बंगलादेशको दैनिक पत्रिका प्रोथोम आलोका अनुसार अशान्ति सुरु भएयता देशभर कम्तीमा नौ हजार व्यक्तिलाई पक्राउ गरिएको छ । सैनिकहरूले अझै पनि सहरी क्षेत्रमा गस्ती गरिरहेका छन् र राष्ट्रव्यापी कर्फ्यु जारी छ तर गत हप्ताको सुरुदेखि यसलाई क्रमिक रूपमा खुकुलो पारिएको छ ।

बंगलादेशमा जारी अशान्तिको चरमोत्कर्षमा रहेको बेला देशव्यापीरूपमा अवरूद्ध गरिएको मोबाइल इन्टरनेट सञ्जाल ११ दिनपछि आइतबार पुनः सञ्चालनमा आएको छ । सबै सरकारी जागिरको आधाभन्दा बढी हिस्सा निश्चित समूहका लागि आरक्षित गर्ने योजना पुनः लागू गरिएको विरोधमा यसै महिना प्रदर्शन सुरु भएको थियो । *रासस/एएफपी*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BAREFOOT BEAUTY SALON COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति २०८०/०५/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/१३ | LT. No. 291512 | चलानी नं. ६०२०६७१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 2 | 140 | ६०,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 3 | 140 | ६०,००० | | | | | | | |

कम्पनी : NAILS EXTENSION LADIES BEAUTY SALOON CO.

पूर्व स्वीकृति मिति : २०८०/११/08 | पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/१३ | LT. No. 300100 | चलानी नं.६०२१५०१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/nail Technician/hairdresser/massagist/b | 0 | 20 | 160 | ६५,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २१ गते (5th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 291512/300100 मिति: २०८१/०४/१४ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HI TECH EMIRATS FOR GENERAL CONTRACTING L L

पूर्व स्वीकृति मिति : २०८१/04/01 | LT. No.307621 | चलानी नं. : ६०२२२२९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fabricators | 29 | 0 | 1200 | ४३,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Male Cleaner/helper | 35 | 0 | 800 | २९,१९० | | | | | | | |
| 3 | Mason (Nepal) | 50 | 0 | 1200 | ४३,७८५ | | | | | | | |
| 4 | Rigger (Installion Labor) | 35 | 0 | 1200 | ४३,७८५ | | | | | | | |
| 5 | Steel Fixer/rod Binder | 50 | 0 | 1200 | ४३,७८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: धनुषा, जनकपुर, न्यु राम जानकी ट्रेनिङमा मिति: २०८१ साउन २२ गते (6th Aug 2024) मा हुनेछ । सुनसरी, इटहरी-६, सुनसरी मल्टिपल ट्रेनिङ सेन्टरमा मिति: २०८१ साउन २३ गते (7th Aug 2024) मा हुनेछ । जि.एस. ट्रेनिङ सेन्टर, सिनामंगल ९, काठमाडौंमा मिति: २०८१ साउन २४ गते (8th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Broadway Overseas Employment Service Pvt. Ltd.
Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367,
Mobile: 9851116030, 980-2033274, 981-0318569, 9852051094, 9812366182, 9851071774



## युएईमा वैदेशिक रोजगारको अवसर

ACC ARABIAN CONSTRUCTION CO.

कम्पनी : ARABIAN CONSTRUCTION CO. LLC

पूर्व स्वीकृति मिति २०८०/११/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/१४ | LT. No. 301300 | चलानी नं. ६०२१६१६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel Fixer | 78 | 0 | 1200 | ४३,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Carpenter | 14 | 0 | 1200 | ४३,७३५ | | | | | | | |
| 3 | Mason | 40 | 0 | 1200 | ४३,७३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २२ गते (6th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Global Recruitment Group Pvt.Ltd.
(BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
License No. : 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855063635, Pokhara Branch: 9802853017, Email : info@grgnepal.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : APPCLICK INFORMATION TECHNOLOGY NETWORK EST.

पूर्व स्वीकृति मिति २०८०/०५/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/१४ | LT. No. 292457 | चलानी नं. ६०२०७६५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commercial Sales Representative | 1 | 4 | 1500 | ५४,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Data Entry Clerk | 0 | 2 | 1100 | ४०,०९० | | | | | | | |
| 3 | Information Clerk | 0 | 1 | 1100 | ४०,०९० | | | | | | | |
| 4 | Public Relation Clerk | 0 | 1 | 1200 | ४३,७३५ | | | | | | | |

कम्पनी : TOP FLOOR SOFTWARE SOLUTION EST

पूर्व स्वीकृति मिति २०८०/०५/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/१४ | LT. No. 292455 | चलानी नं. ६०२०७६६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Public Relation Clerk | 0 | 1 | 1200 | ४३,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Information Clerk | 0 | 1 | 1100 | ४०,०९० | | | | | | | |
| 3 | Commercial Sales Representative | 0 | 2 | 1500 | ५४,६७० | | | | | | | |

कम्पनी : OMEGA POINT FOR WEB DESIGN EST

पूर्व स्वीकृति मिति २०८०/०५/०१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/१४ | LT. No. 291190 | चलानी नं. ६०२०६३९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Information Clerk | 0 | 1 | 1100 | ४०,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Public Relation Clerk | 0 | 1 | 1200 | ४३,७३५ | | | | | | | |

कम्पनी : BASIC POINT NETWORK SERVICES EST

पूर्व स्वीकृति मिति २०८०/04/30 | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/१४ | LT. No. 290996 | चलानी नं. ६०२०६२१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Information Clerk | 0 | 1 | 1100 | ४०,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Commercial Sales Representative | 1 | 1 | 1500 | ५४,६७० | | | | | | | |

कम्पनी : MIRINA WEB DESIGN EST

पूर्व स्वीकृति मिति २०८०/०४/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/१४ | LT. No. 290794 | चलानी नं. ६०२०५१२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accounting Clerk | 2 | 0 | 1300 | ४७,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : LIFE KING PORTALS CO.

पूर्व स्वीकृति मिति २०८०/०४/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/१४ | LT. No. 290272 | चलानी नं. ६०२०५५५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Supervisor | 1 | 0 | 1800 | ६५,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Marketing Manager | 1 | 0 | 2000 | ७२,८९० | | | | | | | |
| 3 | Information Clerk | 1 | 0 | 1100 | ४०,०९० | | | | | | | |
| 4 | Administrative Supervisor | 2 | 0 | 1700 | ६१,९५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: सि.पि. होटल, बिर्तामोड, झापामा मिति: २०८१ साउन २४ र २५ गते (8 & 9 Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
श्रम इजाजत नं. ११०८/०७३/०७४
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - १४५७०० | प्रति तोला - १४५००० | प्रति तोला - १७४०



**सुन्दर माछापुच्छ्रे** | पोखराको भोटेचौतराबाट सोमबार बिहान मौसम खुलेसँगै देखिएको हरियाली धान खेत र माछापुच्छ्रे हिमाललगायतको दृश्य ।

*तस्बिर: राधिका कँडेल/रासस*

## 'औद्योगिक विकासविना मुलुकको समृद्धि असम्भव'

■ प्रभाव संवाददाता

**वीरगञ्ज–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले औद्योगिक क्षेत्रको विकासबिना मुलुकमा समृद्धिको आकांक्षा पूरा गर्न नसकिने बताएका छन् । वीरगञ्ज महानगरपालिका-३१ स्थित हुलास स्टिलको युनिट-२ उद्घाटन गर्दै मन्त्री भण्डारीले कोभिड-१९ को महामारीपछि औद्योगिक क्षेत्र नराम्रोसँग थलिएकाले उठाउन गाह्रो भइरहेको बताए ।

'हाम्रा उद्योगका उत्पादन घट्दै गइरहेको छ । औद्योगिक क्षेत्रमा रोजगारीका अवसर गुम्दै गएका छन् । उद्योगधन्दा एकपछि अर्को समस्यामा परिरहेका छन् । क्रमशः बैंक ब्याजदरको चपेटामा उद्योग पऱ्यो,' उनले भने, 'वर्तमान सरकार बनिसकेपछि पहिलो मन्त्रिपरिषद्को बैठक र त्यसपछि सम्माननीय प्रधानमन्त्रीज्यूले संसद्मा व्यक्त गर्नुभएको विचारले स्वदेशी उद्योग तथा औद्योगिक क्षेत्रलाई प्रवर्द्धन गर्ने विचार हामीले सुनिसकेका छौं ।'

उद्योगमन्त्री भण्डारीले मुलुकका उद्योगधन्दा खस्किदाँ समस्यामा परेको धारणा राखे । 'आज देशको उद्योग यस्तो अवस्थामा पुग्यो कि हामी उत्पादकका रूपमा नभई उपभोक्ताका रूपमा रह्यौं', उनले भने, 'नेपालको व्यापार घाटा यति चुलियो कि हामी उपभोग्य वस्तु मात्रै आयात गर्ने ठाउँमा पुगेका छौं ।' उद्योगमन्त्री भण्डारीले पछिल्लो समय घाटा चुलिएको बताउँदै नेपालको आयात र निर्यात तथ्यांकले नेपालको उद्योग क्षेत्रको स्पष्ट तस्बिर देखाएको बताए । 'करिब १६ खर्बको आयात र दुई खर्बको निर्यातले हाम्रो उद्योगको तस्बिर देखिन्छ,' उनले भने, 'सरकारले अत्यावश्यकबाहेक अन्य वस्तु स्वदेशमा उत्पादन र उपभोग गर्ने परिपाटीको विकास गर्न जरुरी छ ।'

मन्त्री भण्डारीले गत आर्थिक वर्षमा करिब एक खर्बको फलफूल र तरकारी आयात भएको तथ्यांक प्रस्तुत गर्दै मधेस प्रदेशमा तरकारी र फलफूल उत्पादन गरेर विदेशी मुलुकबाट हुने आयात रोक्न सकिने उल्लेख गरे ।

मधेस प्रदेशका मुख्यमन्त्री शतिशकुमार सिंहले बारा, पर्साको औद्योगिक करिडोरमा हजारौं उद्योगधन्दा रहे पनि उद्योगमा काम गर्ने कामदार नरहेको जानकारी दिए । 'मधेस प्रदेशका युवाहरू रोजगारीको अवसर नपाएर तेस्रो मुलुकमा जानुपर्ने बाध्यता छ । यहाँका उद्योगधन्दामा आवश्यक जनशक्तिहरूलाई मधेस सरकार र उद्योगी व्यवसायीले तालिम तथा क्षमता अभिवृद्धि गरेर रोजगारीको अवसर सिर्जना गर्नुपर्ने बेला छ,' मुख्यमन्त्री सिंहले भने, 'मधेस सरकारका तर्फबाट जस्तोसुकै सहयोग गर्न तत्पर छौं ।'

उनले दक्ष जनशक्ति तयार पार्ने र उद्योगी व्यवसायीले स्वदेशी युवालाई प्रथामिकतामा राख्न अनुरोध गरे । उनले जनकपुरलाई औद्योगिक करिडोरका रूपमा अघि बढाउनुपर्ने बताए ।

## 'मौद्रिक नीतिमा उत्पादनशील क्षेत्र समेटिएन'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग परिसंघ (सीएनआई) ले मौद्रिक नीतिमा उत्पादनशील क्षेत्रले प्रथामिकता नपाएको टिप्पणी गरेको छ । एक विज्ञप्ति जारी गर्दै सिएनआईले कठोर नीति अवलम्बन गर्दै आएको नेपाल राष्ट्र बैंक पछिल्लो पटक केही लचक भएको देखिएपनि उत्पादनशील क्षेत्रले भने प्राथमिकता नपाएको टिप्पणी प्रतिक्रिया दिएको छ ।

राष्ट्र बैंकले समग्र मागलाई संकुचित पार्नेगरी लिएको यसअघिका नीतिमा सुधार गरी शिथिल अर्थतन्त्रलाई उकास्न खोजेको देखिन्छ भन्दै सिएनआईले ढिलै भएपनि शिथिल अर्थतन्त्रलाई चलायमान बनाउने प्रयासमा केन्द्रिय बैंक रहनुलाई परिसंघले सकारात्मक रूपमा लिएको जनाएको छ ।

सिएनआइले भनेको छ- 'नीतिगत दर घटाइनु सकारात्मक छ । यसले उत्पादन लागत घटाउन, प्रतिस्पर्धी क्षमता बढाउन सहयोग गर्छ । तर, बैंक दरमा प्रतिबिम्वित हुनेगरी केन्द्रिय बैंकले नीतिगत दरलाई प्रभावकारी बनाउनुपर्छ । ब्याजदर करिडोरको माथिल्लो सीमाको बैंकदरलाई ६.५ प्रतिशत र नीतिगत दर ५ प्रतिशत कायम गरिनु स्वागतयोग्य छ । तर बैंक तथा वित्तीय संस्थाहरू 'टिएर वान क्यापिटल' को दबाबमा हुँदा लक्ष्य प्राप्त गर्न सहज हुने नीति केन्द्रिय बैंकले लिनुपर्ने आवश्यकता देखिन्छ ।

'टिएर वान क्यापिटल' सहज बनाउन अहिलेको अवस्थामा काउन्टर साइक्लिकल क्यापिटल बफर (सीसीबी) स्थगन गर्न अत्यावश्यक रहेकोमा मौद्रिक नीतिले यसलाई सम्बोधन गरेन । राष्ट्र बैंकले यसमा पुनर्विचार नगरे निजी क्षेत्रमा १२.५ प्रतिशतको कर्जा विस्तारको लक्ष्य हासिल हुन सम्भव देखिदैन् । हाल लागू ०.५ प्रतिशत सीसीबी अहिलेको अवस्थामा अनुपयुक्त रहेकाले स्थगन गर्नुपर्ने सुझाव परिसंघले दिएको थियो ।'

मौद्रिक प्रसार संयन्त्रलाई प्रभावकारी बनाउन एवम् कर्जाको ब्याजदरमा प्रतिस्पर्धा कायम गर्न विद्यमान आधारदरसम्बन्धि व्यवस्था सम्बन्धमा अध्ययन गर्ने प्रतिबद्धताको स्वागत गर्दै सिएनआईले निर्माण क्षेत्रमा आएको शिथिलतालाई दृष्टिगत गरी सो क्षेत्रको पुनःस्थापनाका लागि दिइएको व्यवस्था सकारात्मक रहेको जनाएको छ । मौद्रिक नीतिले निर्माण क्षेत्रका लागि लिएको नीतिले यस क्षेत्रलाई गतिशिल बनाई अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग गर्ने परिसंघले विश्वास गरेको छ ।

## विमान परिचारिकाले बुझाए सुझावपत्र

**काठमाडौं (प्रस)–** नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) मा लामो समयदेखि कार्यरत विमान परिचारक र विमान परिचारिका (एयरहोस्टेस)ले सेवासुविधा नपाएको भन्दै सेवा वृत्तिको माग गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेसमक्ष आग्रह गरेका छन् ।

निगमका करार सेवामा कार्यरत एयरहोस्टेसको टोलीले पर्यटनमन्त्री पाण्डेलाई उनको कार्यकक्ष सिंहदरबारमा भेटी मागसहितको १२ बुँदे सुझावपत्र बुझाएका हुन् । निगममा कार्यरत सम्पूर्ण एयरहोस्टेस सेवा प्रवेश गर्दा करारमा रहेको र हाल पनि करारमै काम गरिरहनुपरेको उल्लेख गर्दै जीवनभर नै करार सेवामा बिताउनुपर्दा वृत्तिविकासको चिन्ता र आश्रित परिवार तथा सन्तानको समेत भविष्यलाई दृष्टिगत गरी सेवा वृत्ति गर्न उनीहरूले माग गरेका छन् ।

एयरहोस्टेसको सुझावपत्र बुझ्दै पर्यटनमन्त्री पाण्डेले मागप्रति सकारात्मक रहेको भन्दै आवश्यक पहल गर्ने बताउनुभएको भेटमा सहभागी 'क्याबिन क्रू' एसोसिएसन अफ नेपालका (सिक्यान) का अध्यक्ष प्रभा कार्कीले जानकारी दिइन् । आफूहरू कर्मचारी सञ्चयकोषदेखि विभिन्न सेवासुविधाबाट वञ्चित रहेको र अन्यायमा परेकाले समस्या सम्बोधन गरिदिन मन्त्री पाण्डेसमक्ष आग्रह गरिएको उनले बताइन् । नेपाल एयरलाइन्समा एयरहोस्टेस लामो समयदेखि करारमा कार्यरत छन् । नेपाल एयरलाइन्समा करिब एक सय ७० एयरहोस्टेस रहेको अध्यक्ष कार्कीले जानकारी दिइन् ।

## कर्पोरेट

### ग्लोबल आइएमईका कार्डबाहकलाई र्‍याडिसनमा छुट




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडको डेबिट तथा क्रेडिट कार्डबाहकले र्‍याडिसन होटल काठमाडौंमा १५ प्रतिशतसम्म छुट पाइने भएको छ । छुट प्रदान गर्नेसम्बन्त्री समझदारीपत्रमा आइतबार दुवैपक्षबाट हस्ताक्षर भएको हो । उक्त समझदारीमा ग्लोबल आइएमई बैंकका चिफ मार्केटिङ अफिसर दिलिप पोखरेल र र्‍याडिसन होटल काठमाडौंका निर्देशक केदार पाण्डेले हस्ताक्षर गरे । समझदारीअनुसार बैंकको डेबिट र क्रेडिट कार्डवाहकहरूले र्‍याडिसन होटल काठमाडौंमा उपलब्ध सेवामा १५ प्रतिशतसम्म छुट प्राप्त गर्ने जनाइएको छ । बैंकका ग्राहकहरूले र्‍याडिसन होटल काठमाडौंमा उपलब्ध सेवामध्ये खाना, पेस्ट्री सप, तथा ट्रानक्युलिटी स्पाका साथै र्‍याडिसन होटल काठमाडौंले सञ्चालन गरेको एयरपोर्ट रेस्टुरेन्टहरूबाट पनि उपलब्ध हुने सेवाहरूमा उल्लिखित छुट पाउने बैंकले जनाएको छ ।

### बिवाइडीको 'बिल्डिङ ड्रिम्स एन्ड फरेस्ट' अभियान



**काठमाडौं (प्रस)–** बीवाईडी अटोको नेपालका लागि आधिकारिक वितरक साइमेक्स इंक प्रालिले काठमाडौंको कालिमाटीस्थित दुई पकेट फरेस्टमा ५५० वृक्षरोपण गरेको छ । संस्थागत सामाजिक उत्तरदायित्व अभियान 'बिल्डिङ ड्रिम्स एन्ड फरेस्ट' अन्तर्गत बीवाईडीले द हिडन ट्रेजर, रिभोलुसन प्रोजेक्ट र काठमाडौं महानगरपालिका वडा नं. १३ सँगको सहकार्यमा सो वृक्षरोपण अभियान सफलतापूर्वक सम्पन्न गरेको हो ।

उक्त अवसरमा मिस नेपाल २०२४ का प्रतियोगीहरूले समेत उत्साहजनक रूपमा सहभागिता जनाएका थिए, जसले अभियानको प्रभाव र पहुँच बढाउन थप भूमिका खेलेको छ । अर्थपूर्ण वातावरणीय परिवर्तनका लागि सामुदायिक साझेदारीको शक्तिलाई यसले संकेत गरेको छ । नयाँ पकेट फरेस्टमा रोपिएका बिरुवाको वृद्धि र दिगोपनाका लागि आगामी तीन वर्ष सम्म सावधानीपूर्वक हेरचाह र सम्भार गरिने छ । प्रदूषणले आक्रान्त बनेको काठमाडौं उपत्यकामा हरित र स्वस्थकर सहरी वातावरण निर्माण गर्नमा साइमेक्सको प्रतिबद्धतालाई यसले जोड दिन्छ । कालिमाटीमा अवस्थित बीवाईडी पकेट फरेस्टको प्रभाव दीर्घकालीन रूपमा रहने छ । यसबाट ५ वर्ष पछि २९५ टन अक्सिजन उत्पादन हुनेछ भने १११ टन कार्बन स्टोर हुनेछ । त्यसैगरी १० वर्ष पछि ५९१ टन अक्सिजन उत्पादन हुने र २२२ टन कार्बन स्टोर हुनेछ भने २० वर्ष पछि ११८२ टन अक्सिजन उत्पादन हुने र ४४३ टन कार्बन स्टोर हुनेछ ।

### सिद्धार्थ बैंक र दुसित प्रिन्सेस काठमाडौंबीच सम्झौता



**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक र दुसित प्रिन्सेस काठमाडौंले बैंकका आदरणीय ग्राहकहरूलाई विभिन्न सेवामा छुट दिने सम्झौता गरेको छ । यो नयाँ व्यवस्था अन्तर्गत लाजिम्पाटस्थित दुसित प्रिन्सेस काठमाडौंमा बैंकको कार्ड, मोबाइल बैंकिङ वा इन्टरनेट बैंकिङ सेवा प्रयोग गरी भुक्तानी गर्ने ग्राहकले खाना, पेय पदार्थ र बासस्थानमा १५ प्रतिशतसम्म छुट पाउनेछन् । यो सम्झौताले ग्राहकहरूलाई मूल्यवान छुट दिने मात्र नभई नगद कारोबारबाट डिजिटल कारोबारमा परिवर्तन गर्न प्रोत्साहन गर्ने उद्देश्य राखेको छ । सिद्धार्थ बैंकले यस पहलले आफ्ना ग्राहकहरू माझ डिजिटल बैंकिंग समाधानहरू लाई अझ बढी अपनाउन प्रवर्द्धन गर्ने विश्वास लिएको छ ।

बाढीपहिरोबाट जोगिऔं
जथाभावी सडक निर्माण र वनविनाशले बाढीपहिरो निम्त्याउने हुँदाः
- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं ।
- बस्ती तथा समूदायको रक्षा गरौं ।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
बाढी पहिरोबाट आफू पनि बचौं, अरूलाई बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिःarketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ